# परिच्छेद - एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको चिठ्ठी तथा निवेदन लेखन क्षमताको अध्ययन" रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, नेपाली दोस्रो वर्षको पाठ्यांश (नेपा.शि. ५९८) को उद्देश्य पूर्तिका निमित्त प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

'भाषा' ज्ञान आर्जनको प्रमुख माध्यम हो । भाषाबाटै एक आपसमा विचारको आदानप्रदान हुन्छ । यस्तो विचारको आदानप्रदानमा माध्यमको रूपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ संलग्न हुन्छन् । यीमध्ये सुनाइ र बोलाइबाट सम्प्रेषणका लागि का चलाइन्छ भने पढाइ र लेखाइले भाषाको लेख्यपाठ्य रूपलाई प्रतिनिधित्व गर्दछ । लेखाइ विचार अभिव्यक्तिलाई स्थिरता, साञ्चेतता र चिरस्थायी बनाउने माध्यम हो । व्यक्तिका मौन रूपमा गुम्सिएर रहेका कुरा व्यक्त गर्ने एउटा महत्वपूर्ण माध्यम लेखाइ वास्तवमै विचार अभिव्यक्तिको प्रौढ र परिपक्व रूप हो । लेखेर नै जीविका चलाउने कलमजीविहरूका लागि अझ यो अत्यावश्यम एवम् आधारभूत सीप बन्न जान्छ । यसरी मानवीय जीवनमा लेखाइ सीपको प्रत्यक्ष रूपमा सम्बन्ध रहेको छ । यसर्थ विद्यालयको तल्लो तहदेखि नै विद्यार्थीहरूमा लेखनसीपको विकास गर्दै लैजानु अत्यावश्यक भइसकेको छ ।

लेखाइ सीप विकासका लागि लेखनसम्बन्धी धेरै कार्यकलापहरू चलनचल्तीमा छन् । नीति तथा निवेदनलेखनलाई लेखनकलाको विकासमा महत्त्वपूर्ण लेखनकला विकासमा महत्त्वपूर्ण कार्यकलापका रूपमा प्रस्ट्याइएको छ । वास्तवमा चिठी लेखनलाई लेखाइसम्बन्धी सम्पूर्ण ढंग ढाँचा र लेखाइको मानक रूपमा विश्वास गरिन्छ । विभिन्न अनुच्छेद वा एउटै अनुच्छेदमा आवश्यकता र विचारको शृङ्खलाबद्ध अभिव्यक्तिको अपेक्षा चिठी तथा

निवेदनमा गरिन्छ । चिठी तथा निवेदन लेखनमा अनुच्छेदबद्धताले निकै महत्त्व रहन्छ । घरायसी चिठीको प्रारम्भिक अनुच्छेदमा कुशल क्षेत्रको ब्यहोरा हुन्छ भने कार्यालयीय चिठीमा उद्देश्यको प्रसंग उल्लेख भएको हुन्छ । चिठी तथा निवेदन प्रायः छोटो नै अपेक्षित हुन्छ तर भन्न खोजेका कुरा भने छुटाउनु हुँदैन । त्यसैगरी अन्त्यमा ब्यहोरा लेखिसकेपछि लेख्ने व्यक्तिले आफ्नो नाम, ठेगाना र हस्ताक्षरसमेत उल्लेख गरी चिठी र निवेदनलाई टुङ्ग्याउनु पर्दछ । यसरी नाम, ठेगाना र हस्ताक्षर उल्लेख गर्दा चिठीको दाहिनेपट्टि छेउमा पार्नुपर्दछ । हिजोआज देब्रेतिर पनि लेख्ने चलन बढेको पाइन्छ । चिठी तथा निवेदन लेखनमा अनुभव र ज्ञान सम्पन्नताको प्रशस्त हात रहन्छ । सफल चिठी तथा निवेदन लेखनले लेखाइको प्रौढताको संकेत गर्दछ । चिठी तथा निवेदन लेखन अन्य विधाहरूभन्दा गहन भएको हुँदा सफल चिठी तथा निवेदन लेख्नुभन्दा पहिले विद्यार्थीहरूले चिठी तथा निवेदनको अध्ययन, त्यसको उद्देश्यका विषयलाई पहिल्याउन र अभ्यासका माध्यमबाट लिखित अभिव्यक्ति दिन सक्ने हुनुपर्दछ ।

चिठी तथा निवेदन लेखन लेखाइ सीप विकासको महत्त्वपूर्ण आधार हो । बालबालिकाहरूलाई प्राथमिक तहका कक्षाहरूमा उनीहरूसँग सम्बन्धित विषयमा चिठी तथा निवेदन लेख्न लगाएर लेखाइ सीप विकास गराउने प्रयत्न गरिन्छ । विद्यालय तथा विश्वविद्यालय तहका नेपाली पाठ्यक्रमहरूले चिठी तथा निवेदन लेखन शिक्षणसम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिइरहेको परिप्रेक्ष्यमा विद्यालय तहको विशेष गरी कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेर अनुसन्धान अध्ययन गर्ने उद्देश्यले "कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठ्ठी तथा निवेदन लेखन क्षमताको अध्ययन" शीर्षकसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार देखाइएको छ ।

(क) कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता कस्तो छ ?

(ख) कक्षा ७ पूरा गरेका निम्न लिखित समूहका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता के कस्तो छ ?

  अ) सरकारी र निजी विद्यायमा अध्ययन विद्यार्थीहरूमा चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

आ) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी प्रथा नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

इ) लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता तुलनात्मक स्थिति के कस्तो छ ?

ग) उक्त कक्षा पूरा गरेका विद्यार्थीहरूमा चिठी तथा निवेदन लेखनसम्बन्धी के कस्ता कमीकमजोरीहरू रहेका छन् ?

घ) चिठी तथा निवेदन लेखन सुधारका निमित्त के कस्ता सुझावहरू हुन सक्छन् ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नि लिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ ।

क) कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता पहिचान गर्नु,

ख) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु

ग) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्याथीृहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु

घ) लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

ङ) उक्त विद्यार्थीहरूमा चिठी तथा निवेदन लेखनसम्बन्धी के कस्ता कमीकमजोरीहरू छन् पहिचान गर्नु,

च) उक्त कमीकमजोरीहरूको निराकरण गर्न आवश्यक सुझाव दिनु ।

## १.५ प्राक्कल्पना

क) कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक छ ।

ख) सरकारी विद्यालय र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमतामा सार्थक अन्तर छैन ।

ग) नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमतामा खासै अन्तर छैन ।

घ) लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमतामा उल्लेख्य अन्तर छैन ।

## १.६ अध्ययनको औचित्य

भाषा मानवीय वस्तु हो । भाषाको महत्त्वपूर्ण कार्य विचार आदानप्रदान गर्नु हो । विचारको आदानप्रदान मौखिक र लिखित दुवै ढंगबाट हुन्छ । भाषाको मूल रूपमा मौखिक नै हो, तर पनि शैक्षिक गतिविधि तथा प्रशासनिक कार्यमा भाषाको लिखितचाहिँ त्यसको विकसित रूप हो ।

साक्षरता भन्नाले लेखपढ गर्न जान्नु हो । विशेषतः साक्षरता शब्द शिक्षा क्षेत्रमा प्रचलित हुन्छ । लेखापढी गर्न जान्नु भन्नाले लिखित भाषालाई उपयोग गर्न सक्षम हुँदै जानु भन्ने बुझिन्छ । मानिसका अनुभव र ज्ञानलाई संचय गर्न तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा सम्प्रेषित गर्न भाषाको लिखित माध्यमले विशेष महत्त्व राख्दछ । यसर्थ शिक्षाको प्रारम्भिक तहबाट नै लेखाइ सीपको विकास गर्दै लैजानु अत्यावश्यक छ । लेखाइ सीपको विकास गर्न चिठी तथा निवेदन लेखन प्रक्रिया प्रमुख कार्यकलापका रूपमा रहन्छ । विद्याथीृहरूको चिठी तथा निवेदन लेखन प्रक्रियासँग विभिन्न लेखाइसम्बन्धी ज्ञानका पक्षहरू समावेश हुने हुँदा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययनको आवश्यकता देखिन्छ । यसरी विद्यार्थीहरूमा विकसित लिखित क्षमता पहिचान गर्ने एउटा आधार चिठी तथा निवेदन लेखन पनि भएको हुँदा यस अध्ययनमा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमतालाई महत्त्वपूर्ण भूमिकाका रूपमा स्थापित गरिएको छ ।

कुनै पनि आवश्यक विषयमा केन्द्रित रहेर लिखित माध्यमद्वारा वैयक्तिक कुराकानी गर्ने महत्त्वपूर्ण साधन चिठी हो । यो एकअर्काको अनुभवको आदानप्रदान गरी वैयक्तिक अनुभव परस्पर भागीदार बनाउने र साथै वैयक्तिक सम्बन्धको विकास गर्ने माध्यम पनि हो । मूलतः चिठी तीन किसिमका हुन्छन्: व्यक्तिगत, कार्यालयीय र व्यावसायिक । व्यक्तिगत चिठी खास ढाँचामा लेखिने स्वतन्त्र अभिव्यक्ति हो । कार्यालयीय चिठी र निवेदन चाहिँ खास ढाँचामा लेखिने निर्वैयक्तिक र औपचारिक प्रकृतिको लेखन हो । व्यक्तिगत चिठीमा व्यक्तिले विषयवस्तुमा मात्र केन्द्रित नरहेर व्यक्तिगत बेलिबिस्तार गन्थन हुन्छ । चिठी लेखनमा खास ढंग ढाँचाको विशेष महत्त्व रहन्छ । चिठीमा मिति, ठेगाना, सम्बोधन र सम्बन्ध प्रस्टसँग खुलाइएको हुन्छ । यिनैका आधारमा शिष्टता तथा आत्मीयता दर्शाउने शब्दको प्रयोग र तिनको उपयोग गर्ने ढंग प्रस्ट्याउनु उपयुक्त हुन्छ ।

निवेदन पनि एक प्रकारको चिठी हो । निवेदन विशेषतः आभ्यासिक प्रकृतिको हुने भएकाले व्यक्तिले निवेदन लेखनमा जति बढी अभ्यास गर्‍यो उत्ती उसको सीप बढ्दै जान्छ । निवेदन संस्थागत लेखन हुने हुनाले यसमा वैयक्तिक लेखनजस्तो बेलिबिस्तार गन्थन हुँदैन । यसमा औपचारिक संक्षिप्तता, स्पष्टताजस्ता विशेषता हुने भएकोले छोटो समयमै व्यक्तिका आशय वा विचार बुझ्न सकिन्छ । निवेदन लेखनको महत्त्व आजको सन्दर्भमा पनि उत्तिकै छ । मानिसका हरेक संस्था वा कार्यालयमा कामहरू हुन्छन् । ती काम सम्पन्न गर्न वा कामको आशय बुझाउन व्यक्तिले निवेदनको माध्यमद्वारा अवगत गराउनु पर्ने हुन्छ । यसर्थ यिनै भाषिक अभिव्यक्तिहरूको शृङ्खलाबद्ध आंकलन गर्नु प्रस्तुत अध्ययनको महत्त्वपूर्ण पक्ष हो ।

भाषाका चार प्रमुख सीपहरूमध्ये लेखाइ सीपले लिखित अभिव्यक्ति पक्षलाई अँगालेको हुन्छ । कुनै पनि व्यक्तिले आफूले व्यक्त गर्न खोजेका कुराहरू कसरी प्रस्तुतीकरण गर्दो रहेछ भन्ने बुझ्न लेखाइ पक्षको भाषिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहन्छ । यसरी लेखनकलासम्बन्धी आवश्यक जानकारी लिन विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमताको अध्ययनबाट निश्चय नै सजिलो हुन्छ । लेखाइसम्बन्धी ढंगढाँचाको पहिचान गर्न निश्चित समयको सीमाभित्र निर्धारित शीर्षकमा लेखिएको नियमबद्ध रचनालाई साङ्ख्यिकीय तथ्यांकका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको लेखाइक्षमता पहिचान गर्न सकिन्छ । यसका आधारमा लक्षित तह र समूहका विद्यार्थीहरूको लेखाइ

क्षमता पहिचान गरी सोही आधारमा भाषिक सीप सम्बद्ध पाठ्यांशहरूलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनौट र स्तरण गर्न पृष्ठपोषण प्रदान गर्दछ ।

विद्यालय तहका अतिरिक्त उ.मा.शि. र विश्वविद्यालय तहका पाठ्क्रमहरूमा चिठी तथा निवेदन शिक्षण तथा चिठी लेखन शिक्षणलाई विशेष महत्त्वका साथ हेरिएको छ । मूलतः निम्न माध्यमिक तहमा विधागत वितरणअन्तर्गत उल्लेख्य संख्यामा चिठी तथा निवेदनजस्ता प्रयोगहरूलाई विधाशिक्षणका रूपमा समावेश गरिएको छ । यसैगरी सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक विषयहरू समावेश गरी अभ्यास गराउन राखिएको लक्ष्यले नेपाली विषयका पाठ्यपुस्तकहरूमा चिठी तथा निवेदन लेखन प्रक्रियालाई जोड दिएको छ । यसै परिप्रेक्ष्यमा “कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन” शीर्षकमा गरिएको प्रस्तुत अनुसन्धान अध्ययनले निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमता पहिचान गरी सोही आधारमा कक्षा शिक्षणलाई अगाडि बढाउन सरलता मिल्नेछ । सम्बन्धित तहका विद्यार्थीहरूको लेखाइसम्बन्धी प्रौढताको क्षमता पहिचान, वर्णविश्लेषण, चिठी तथा निवेदन लेखन सीप, विविध रूपमा पृथक-पृथक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमता पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शक बनेको छ । पहिचान गरिएको क्षमताका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको हुँदा यसको महत्त्व अझ स्पष्ट भएको छ ।

चिठी तथा निवेदन विभिन्न विधाहरूमा एउटा महत्त्वपूर्ण तथा आवश्यकीय विधा हो । स्वतन्त्र र निर्धारित लेखनका रूपमा विभिन्न तहका पाठ्यक्रमहरूले यसलाई सम्बोधन गरेका छन् । यसरी चिठी तथा निवेदनलेखनले आफ्नो अस्तित्वलाई छुट्टै विधाको रूपमा स्थापित गर्न खोजिरहेको परिप्रेक्ष्यमा हालसम्म चिठी तथा निवेदनलेखनसम्बन्धी कुनै किसिमको अनुसन्धान अध्ययन नभएको अवस्थामा प्रस्तुत अनुसन्धान अध्ययनको औचित्य स्वतः प्रष्टिएको छ । एस.एल.सी. परीक्षासँग पनि प्रत्यक्ष सम्बन्ध राख्ने निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमता पहिचान गरी आवश्यक परामर्श दिने प्रसंगले प्रस्तुत अध्ययनलाई परिभाषित गरेको छ । यसर्थ प्रस्तुत अनुसन्धान अध्ययनले भाषिक सीप विकासमा तथा भाषा शिक्षणका क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्नेछ । पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, शिक्षण प्रक्रिया र पद्धतिलाई समयसापेक्ष परिमार्जन गर्दै लैजान तथा भाषिक क्षमतासम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरूका लागि प्रस्तुत

अनुसन्धान अध्ययन मार्गदर्शक बनेको छ । विषयगत प्रश्नहरूको लागि तथा छोटा उत्तर लेख्ने ढंगढाँचालाई प्रस्तुत अध्ययनले सम्बोधन गर्दछ । यसरी विभिन्न तहमा विभिन्न प्रकारका परीक्षामा सोधिने प्रश्नोत्तरको समस्या समाधान गर्न, आवश्यकता र विशेष परिस्थितिअनुसार मौखिक तथा लिखित अभिव्यक्ति दिन सक्ने क्षमता पहिचान गरी त्यसमा आवश्यक परिष्कार र परिमार्जन गर्दै लैजान सम्बन्धित व्यक्ति तथा निकायहरूलाई प्रस्तुत अनुसन्धान अध्ययन सन्दर्भस्रोत बन्नेछ ।

यसरी "कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन" शीर्षकमा गरिएको अनुसन्धान अध्ययनका पृष्ठभूमिमा सानदर्भिक प्रश्नहरूले लस्कर देखिन्छ । यसै पृष्ठभूमिमा ती प्रश्नहरूको समाधानमा प्रस्तुत अध्ययन केन्द्रित रहेबाट यसको  औचित्य अझ प्रस्टिएको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

कुनै पनि विषयका अध्ययनको क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अनुसन्धान अध्ययनको मार्ग विचलित हुन्छ । त्यसैले प्रस्तुत अध्ययन निम्नलिखित सीमामा आबद्ध रहेको छः

(क) उदयपुर जिल्लाका १० -दस) वटा विद्यालयमा अध्ययनरत जम्मा १०० (एक सय) जना विद्यार्थीहरूमा

(ख) उदयपुर जिल्लाभित्रका गाउँ र नगरपालिका अन्तर्गतका सरकारी विद्यालयहरूबाट र निजी विद्यालयहरूबाट कक्षा ७ (सात) पूरा गरेका विद्यार्थीहरूमा सीमित रहेको छ ।

(ग) कक्षा सात पूरा गरेका छात्रछात्राहरूको निवेदन र चिठी लेखनसँग केन्द्रित छ ।

(घ) अध्ययनको निष्कर्ष निर्धारित नमुना जनसंख्याबाट प्राप्त तथ्यका आधारमा गरिएको साङ्ख्यिकीय तथ्यांक विश्लेषणमा मात्र आधारित रहेको छ ।

## १.८ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिलो तथा त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूको सिंहावलोकन गर्नु आवश्यक हुन्छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिँडाउने प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनहरूको विशेष महत्त्व रहन्छ । सबै अनुसन्धानहरू पूर्व अनुसन्धानसँग सम्बन्धित हुँदैनन् । आफैँमा पहिलो अनुसन्धेय विषय पनि हुनसक्छ । कुनै पनि अनुसन्धान आफैंमा पहिलो हुँदा अर्थात् पूर्व अनुसन्धानसँग सम्बन्धित नहुँदा पूर्वकार्यको समीक्षामा असहजता सिर्जना हुन्छ ।

प्रस्तुत “कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन” शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धान अध्ययनहरू हालसम्म नभएको अध्येताको ठहर छ । लेखाइसँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धान भए पनि व्याकरणात्मक कोटी, त्रुटिविश्लेषण, चिह्न प्रयोगजस्ता  क्षेत्रहरूमा अध्ययनलाई सीमित गरिएको छ । हालसम्म भएका अध्ययनहरूमा चिठी तथा निवेदन लेखन शिक्षणजस्ता  लेखाइ सीपहरूसँग सम्बन्धित पक्षका बारेमा प्रशस्त सम्बोधन गरिएको छैन । यसरी हेर्दा लेखाइ क्षमता अन्तर्गतको पहिलो अनुसन्धेय विषयका रूपमा प्रस्तुत अध्ययनलाई लिइएको छ । त्यसैले यहाँ पूर्वकार्यका रूपमा अनुसन्धानमूलक सोधकार्यहरूका निष्कर्षहरू समावेश गर्न अनुकुल नभए पनि विभिन्न विद्वान्हरूद्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्यसामग्रीहरूमा उल्लेख गरिएका सम्बन्धित पाठ्यांशहरूको संक्षिप्त चर्चा गरिएको छ ।

हेमाङ्गराज अधिकारीद्वारा 'नेपाली भाषा शिक्षण' (ते.सं. २०५०) नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण अध्याय पनि समावेश गरिएको छ । जसमा लेखाइ शिक्षणको महत्त्व र आवश्यकता, लेखाइ र बोलाइ, लेखाइ र पढाइ, लेखाइका प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी र त्रुटिक्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलापहरू, लेखाइको शुद्धीकरण, अभ्यासिक तथा निर्देशित लेखन र स्वतन्त्र तथा सृजनात्मक लेखन, लेखनशिक्षणका क्रममा विचार पुऱ्याउनु पर्ने केही विशेष कुराहरूजस्ता  उपशीर्षकहरूमा लेखनकलासम्बन्धी विस्तृत चर्चा गरिएको पाइन्छ । नेपाली भाषा शिक्षणमा चिठी तथा निवेदन लेखनसम्बन्धी सूचनाहरूलाई लेखाइ शिक्षणका कार्यकलापहरू नामक शीर्षकअन्तर्गत समावेश गरिएको छ । चिठी निवेदन लेखनमा खास

ढंगढाँचाको विशेष महत्त्व रहन्छ । लेखाइको प्रौढताको खुट्किलो सफल चिठी निवेदन लेखन प्रक्रिया भएको हुँदा सुरुमा मिति, सम्बोधन, ठेगाना र सोअनुरूप शिष्टता तथा आत्मीयता दर्शाउने विशेषण र नमस्कारात्मक, आशीर्वादात्मक वा तत्सम्बन्धी अन्य शब्द वा शब्दावली र तिनको उपयोग गर्न ढंग प्रस्ट्याइसकेपछि चिठीलेखनमा उच्चता हासिल गर्न सकिन्छ । त्यस्तै निवेदनमा मिति, ठेगाना, सम्बोधन, विषय र प्रायः अनुरोधका भाका प्रयोग भएपछि निवेदन लेखनमा उच्चता हासिल गर्न सकिन्छ भन्दै चिठी तथा निवेदनलेखनका लागि आवश्यक सर्तकताको संकेत गरिएको छ ।

चिठी तथा निवेदन लेखसम्बन्धी विस्तुत चर्चा गरिए पनि लेखन क्षमताको विश्लेषणात्मक मूल्यांकन प्रक्रियाका बारेमा यो पुस्तक मौन देखिन्छ । शिक्षणीय प्रयोजनका लागि तयार पारिएको प्रस्तुत पुस्तकमा लिखित सूचनाहरूलाई शोधअध्ययनमा प्रतिस्थापन गर्न यो पुस्तक शोधअध्ययनका लागि प्रशस्त उपयोगी ठहर्छ । यसमा चिठी तथा निवेदनलेखन र अन्य लेखाइसम्बन्धी प्रशस्त सूचनाहरू समावेश गरिएको छ । यसै आधारमा चिठी तथा निवेदन लेखनसम्बन्धी चित्रात्मक प्रस्तुति गर्न सरल भएको छ ।

भाषा शिक्षणका सन्दर्भमा हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखनमा तयार पारिएको ‘प्रारम्भिक नेपाली शिक्षण (चौ.सं. २०६१) नामक पुस्तक उल्लेख्य मानिन्छ । खासगरी प्रवीणता प्रमाण पत्र तह र उच्च माध्यमिक तहको पाठ्यक्रममा आधारित रहेर तयार पारिएको भए तापनि नेपाली भाषाको शिक्षण प्रशिक्षणका क्षेत्रमा निर्माण गरिने विभिन्न पाठ्यक्रमहरूका लागि अत्यन्तै उपयोगी हुने देखिन्छ । नेपाली भाषा शिक्षाशिक्षणसँग सम्बन्धित यस पुस्तकमा लेखाइ शिक्षणअन्तर्गत लेखाइ शिक्षणको आवश्यकता प्रारम्भिक तहमा लेखाइ शिक्षणको स्तर निर्धारण, लेखाइ शिक्षणका कार्यकलाप, निर्देशित स्वतन्त्र र सृजनात्मक लेखइ, लेखाइको शुद्धीकरण र पुनरावृत्तिजस्ता शीर्षकहरूमा चर्चा गरिएको छ । यस पुस्तकमा लेखाइ शिक्षणको आवश्यकता, प्रारम्भिक तहमा लेखाइ शिक्षणको स्तर निर्धारण, लेखाइ शिक्षणका कार्यकलाप निर्देशित स्वतन्त्र र सृजनात्मक लेखाइ, लेखाइको शुद्धीकरण र पुनरावृत्तिजस्ता शीर्षक आबद्ध गरी लेखाइ शिक्षणसम्बधी चर्चा गरिएको छ । लेखाइ शिक्षणका कार्यकलापअन्तर्गत दैनिक व्यवहारका कागजातको लेखन मानी उल्लेख गरिएको उपशीर्षकमा निजी, कार्यालयीय, व्यापारिक क्षेत्रमा व्यक्ति वा संस्थालाई वैयक्तिक अनुभवमा परस्पर भागीदार बनाउने र साथै वैयक्तिक सम्बन्धको

विकास गर्ने माध्यम नै चिठी हो भनि परिभाषित गरिएको पाइन्छ । निर्देशित, स्वतन्त्र र अभ्यासात्मक रूपमा चिठी तथा निवेदन लेखिने प्रसंगलाई संकेत गरिएको छ ।

चिठी तथा निवेदन शिक्षणका कार्यकलापहरू उल्लेख गर्ने क्रममा सस्वर पठन, प्रश्नोत्तर र चिठी लेखनजस्ता अभ्यासहरूको चर्चा गरिएको छ । चिठी तथा निवेदनलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै शब्दोच्चारण तथा अन्य भाषिक ज्ञानका लागि उपयोग गर्न सकिने भनी उल्लेख गरिएको छ । यसर्थ अनुसन्धान अध्ययनका लागि सहलेखनबाट प्राप्त यो पुस्तक अत्यन्तै उपयोगी हुने देखिन्छ । शिक्षणीय प्रयोजनका क्रममा तयार पारिएको भए पनि अनुसन्धान अध्ययनका लागि सामग्री संकलन तथा व्यख्या विश्लेषणका क्रममा यिनै कुराहरूलाई आधार मान्नुपर्ने हुन्छ । प्रस्तुत पुस्तकमा समाविष्ट सूचनाका आधारमा अनुसन्धान अध्ययनलाई अगाडि बढाउन सम्बन्धित अध्यताहरूलाई सहयोग मिल्दछ । प्रारम्भिक नेपाली शिक्षण नामक प्रस्तुत पुस्तक भाषिक सीपसँग सम्बन्धित अनुसन्धान अध्ययनका लागि उपयोगी साबित हुने कुरा निर्विवाद छ ।

अर्जुनप्रसाद सुवेदीले लेखेको नेपाली भाषा शिक्षण (संस्करण ०६०।०६१) नामक पुस्तक नेपाली भाषा शिक्षणका लागि साह्रै उपयोगी मानिँदैन । यस पुस्तकमा विभिन्न भाषिककलाहरूको अध्ययन अध्यापनका लागि सामान्य चर्चा गर्ने क्रममा लिखित अभिव्यक्ति शिक्षणको पनि उल्लेख गरिएको पाइन्छ । लेखन शिक्षणमा प्रस्तुत पुस्तकले चिठी तथा निवेदन लेखनको सन्दर्भमा कसरी शिक्षण गर्ने भन्ने विषयमा मौन देखिन्छ । चिठी तथा निवेदन लेखनका बारेमा यस पुस्तकले संक्षिप्त परिचय मात्र दिएको पाइन्छ । प्रस्तुत पुस्तकमा भएको चिठी तथा निवेदनलेखनसम्बन्धी परिचयले अनुसन्धान अध्ययनका लागि भने आंशिक मात्रामा भए पनि सहयोग पुग्ने ठान्दछु ।

प्रा.डा. रामचन्द्र लम्साल, उपप्रा. बाबुराम अधिकारी, उपप्रा. नारायणप्रसाद शर्मा गैरे, उपप्रा. वासुदेव गौतम र उपप्रा. गणेशराज अधिकारी समेतको सहलेखन तयार पारिएको नेपाली भाषा शिक्षण (प्र.सं. २०६२) नामक पुस्तक भाषा शिक्षणका सन्दर्भमा उपयोगी मान्न सकिन्छ । यस पुस्तकमा लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापहरू अन्तर्गत वस्तु वा चित्रवर्णन, अनुभव, घटना एवम् यात्रावर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, अनुच्छेदलेखन, बुँदाटिपोट, दैनिकी लेखन, चिठी तथा निवेदन लेखन, निबन्ध लेखन बारेमा चर्चा गरिएको पाइन्छ । प्रस्तुत पुस्तकले चिठी तथा निवेदनलेखनका बारेमा चिठी स्वतन्त्र र औपचारिक प्रकृतिको हुने र निवेदनचाहिँ विशेषत अभ्यासात्मक

प्रकृतिको हुन्छ भनेर प्रकृतिको बारेमा चर्चा गरेको पाइन्छ । त्यस्तै मिति, सम्बोधन, ठेगाना र सम्बन्धहरूको प्रयोग चिठी तथा निवेदन लेखनमा हुनुपर्ने भन्दै चिठी तथा निवेदन लेखनका अंगहरूको मात्र वर्णन गरिएको पाइन्छ । यसरी प्रस्तुत पुस्तकले लिखित अभिव्यक्ति शिक्षणमा चिठी तथा निवेदन लेखनको चर्चा गर्दा चिठी तथा निवेदनका अंगहरू कुन पछि कुन ? लेख्ने भनी शिक्षार्थीहरूले सजिलैसँग बुझ्ने किसिमको प्रारूप झल्किने गरी उल्लेख गरेको पाइँदैन । अर्थात् चिठी तथा निवेदन लेखनको चित्रणका बारेमा प्रस्तुत पुस्तक मौन देखिन्छ । तर पनि अनुसन्धान अध्ययनका लागि यो पुस्तकको अध्ययन नगर्दा अनुसन्धानकार्य अधुरो नै हुन्छ भन्ने कुरामा भने विश्वस्त हुन सकिन्छ ।

### १.९ शोधपत्रको रूपरेखा

मुखपृष्ठ

निर्देशकको सिफारिश पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

विषयसूची

तालिका सूची

शोधसार

परिच्छेद एकः शोधपरिचय

परिच्छेद दुईः सैद्धान्तिक परिचय

परिच्छेद तीनः अध्ययन विधि

परिच्छेद चारः चिठीलेखनको व्याख्या र विश्लेषण

परिच्छेद पाँचः निवेदनलेखनको व्याख्या र विश्लेषण

परिच्छेद छः तुलनात्मक विश्लेषण

परिच्छेद सातः निष्कर्ष र सुझाव

सन्दर्भसूचीहरू

परिशिष्टहरू

व्यक्तिगत विवरण

# परिच्छेद दुई

# सैद्धान्तिक परिचय

## २.१ चिठी तथा निवेदनको सैद्धान्तिक परिचय

### २.१.१ पृष्ठभूमि

भाषा मानवीय विचार विनिमयको प्रमुख साधन हो । मानव विकाससँगै भाषाको पनि क्रमिक रूपमा विकास भएको पाइन्छ । सुरुमा उच्चार्य वा कथ्य भाषाका रूपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो ।

जससँग बोलेर विचार विनिमय गर्न कठिन हुन्छ, त्यससँग लेखेर विचार विनिमय गर्न सकिन्छ । यसबाट लेखाइले बोलाइको अभिव्यक्तिगत सीमा वा परिधिबाट हुने कमीलाई हटाइदिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । लेखाइमा अभिव्यक्तिकर्ताको अभिव्यक्तिदेश र कालको सीमित घेराभित्र मात्र रहँदैन । आफूले गरेका अनुभव एवं ज्ञानसँग समय र स्थानको सीमाबद्धतामा नहेरी अरूलाई भागीदार बनाउने माध्यम लेखाइ भएकाले विशेषताः शिक्षित वर्गमा बोलाइका साथै यसको महत्त्व अझ बढ्दै गएको छ । फेरि बोलाइ आफ्नो अनुभव एवं विचारलाई अरूसमक्ष पुऱ्याउने माध्यम हो भने लेखाइको कार्य त्यतिमा मात्र सीमित छैन । आफूले अनुभव तथा ज्ञान गरेका कुरालाई सम्झनाका लागि सञ्चित एवं संगठित राखी भविष्यमा आफ्ना लागि उपयोगी बनाउन पनि यसलाई प्रयोगमा ल्याउन सकिन्छ ( अधिकारी नेमाशि २०६३:११०) । यसरी लेखाइको महत्त्वलाई पूर्ण रूप दिनका लागि लेखाइ सीप विकासका लागि उपयोग गरिने अन्य विधाहरूको जुन स्थान छ त्योभन्दा चिठी तथा निवेदनलेखनको महत्त्व कम छैन ।

आज संचारका साधनहरूले विश्वलाई नै साँघुऱ्याएको छ । टेलिफोन, ग्रामोफोन, मोबाइल, इमेल आदि संचारका साधनहरूको प्रयोगले चिठी तथा निवेदनको महत्त्वलाई केही

मात्रामा घटाएकै छ । तर वैयक्तिक सन्तुष्टिका लागि, पत्रमित्रता, कार्यालयीय तथा संघसंस्थासँग गरिने बढ्दो काम कार्यवाहीले गर्दा चिठी तथा निवेदनलेखनको महत्व झन् बढ्दै गइरहेको यथार्थ घाम जत्तिकै छर्लङ्ग भएको छ । दिनप्रतिदिन खुल्दै गइरहेका संघसंस्थाहरूमा पनि चिठी तथा निवेदनबाटै काम कार्यवाही हुने गर्छ । टेलिफोनबाट हुने काम त छिटो र ढिलो गर्नका लागि मात्र हो । यसरी वर्षायाममा उम्रने च्याउझैँ आज विश्वमा द्रुततर रूपमा संघसंस्था स्थापना हुँदै गइरहेका छन् जसबाट लिइने सेवा र दिइने सेवा चिठी र निवेदनबाट मात्र सम्भव हुन्छ ।

प्राथमिक शिक्षाको अन्तमा हासिल हुने सिकाइ उपलब्धिअन्तर्गत भाषिक सीपमा लेखाइलाई चौथो स्थान दिइएको छ । यही लेखाइ सीपको महलभित्र नवौं सिकाइ उपलब्धिमा उल्लेख भएको स्वतन्त्र रूपमा छोटा रचनाहरू (अनुच्छेद, चिठी, निवेदन र प्रबन्ध) गर्न विद्यालय तहको प्रारम्भिक तहबाटै चिठी तथा निवेदनलेखन गर्न विद्यार्थीहरू सक्षम हुन सक्छन् । यसरी प्रारम्भिक तह पूरा गरी कक्षा छाड्ने विद्यार्थीहरूले यसपछि कम्तिमा पनि चिठी तथा निवदेनलेखन गर्न सक्षम हुने अपेक्षा राखेको पाइन्छ । त्यसैगरी निम्न माध्यमिक तहमा लेखाइ सीपअन्तर्गत स-साना रचनाहरू (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न भनेर उद्देश्य राखिएको छ । माध्यमिक तहमा पनि चिठी र निवेदनलाई विधाक्षेत्रभित्र समावेश गरी १० अंक छुट्याइएको छ । यसले चिठी तथा निवेदनलेखनको महत्त्व नेपाली भाषाअन्तर्गत सधैं अपरिहार्य रहिरहने अध्येताको ठहर छ ।

चिठी र निवेदन पढ्न जान्नेले लेख्न सक्छ भन्ने कुरा सत्य होइन । जसले सधै लेख्ने अभ्यास गर्दछ त्यसले मात्र लेख्न सक्दछ । औपचारिकता, संक्षिप्तता, स्पष्टता कार्यालयीय चिठी र निवेदनका गहना हुन् । यदि यी कुराहरूलाई लेख्ने व्यक्तिले सदैव मनमा राखेर चिठी तथा निवेदन लेख्दैन भने उसले अभिव्यक्त गर्न खोजेको कुरा सजिलैसँग सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाउन सक्दैन ।

## २.२ भाषिक सीप र चिठी तथा निवेदनलेखन

### २.२.१ भाषापाठ्यक्रम, भाषापाठ्यक्रम र लेखाइ सीप

#### २.२.१.१ भाषापाठ्यक्रम

भाषा मानवीय वस्तु हो । मानिसका मनमा लागेका आदानप्रदान तथा सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम भाषा हो । समुदायमा सम्पूर्ण ज्ञान विज्ञान तथा क्रियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेकै हुन्छ । विद्यार्थीहरूमा भाषिक सीप विकासका निमित्त भाषापाठ्यक्रमको आवश्यकता पर्दछ । भाषापाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषापाठ्यक्रमअन्तर्गत पर्दछन् । वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अन्य पाठ्यक्रम जस्तै गरी भाषापाठ्यक्रमले पनि विद्यालयभित्र र बाहिर विद्यार्थीहरूले गर्ने सम्पूर्ण पठन तथा अभिव्यक्तिअन्तर्गत बोलाइ र लेखाइ सीपहरू पर्दछन् । कुनै पनि तह वा कक्षाका स्तरअनुकुल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम भाषापाठ्यक्रम हो । ( शर्मा र पौडेल, २०६०: ३३३)

#### २.२.१.२ भाषापाठ्यपुस्तक

जुनसुकै शिक्षा व्यवस्थामा पनि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण कार्यकलाप पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् । पाठ्यपुस्तक शिक्षक विद्यार्थी दुवैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्यपुस्तकले गर्दछ । पाठ्यपुस्तकको कति लोकप्रिय हुन्छ भने यसलाई "मुद्रित शिक्षक" समेत भनिन्छ (अधिकारी र शर्मा, २०६१) ।

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप लेखिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमअनुरूप तयार गरिएको हुन्छ । त्यसैले भाषाशिक्षण सिकाइको महत्वपूर्ण र आधिकारिक सामग्री हो । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक

त्यसैको व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, संवेगात्मक, बौद्धिक पक्षका साथै उनीहरूको रुचि, आवश्यकता तथा सिकाइ प्रवृत्तिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुन्छ । भाषापाठ्यपुस्तक मूलतः भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ मा केन्द्रित हुन्छ । अन्य पाठ्यपुस्तकहरूमा भाषा साधन र विषयवस्तु साध्य हुन्छ भने भाषापाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुवै हुन्छ । यसको अर्थ भाषापाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रूपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

### २.२.१.३ लेखाइ सीप

भाषापाठ्यपुस्तकको निर्माण भाषापाठ्यक्रमको निर्देशनमा गरिन्छ । भाषापाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुवै रूपमा समावेश गरिएको हुन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग भाषापाठ्यक्रम तथा भाषापाठ्यपुस्तक केन्द्रित रहन्छन् । भाषाद्वारा व्यक्तिले एक अर्काका विचार तथा भावनाको साटासाट गर्छ । यस्तो साटासाटमा यिनै चार सीपहरू समावेश हुन्छन् । यीमध्ये सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।

आफ्ना मनमस्तिष्कभित्र रहेका भाव वा विचारलाई लिपिचिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्ने प्रक्रियालाई लेखाइ भनिन्छ । लिपिचिह्न, लेख्नेयोग्यता, हिज्जेको सही जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीहरूमा लेख्ने सीप विकास गराउन चित्रवर्णन अनुलेखन, श्रुतिलेखन, चिठीलेखन, भाव व्याख्या, कथालेखन, कवितालेखन, अनुच्छेदलेखन, प्रतिवेदनलेखन, निवेदनलेखन, निबन्धलेखनजस्ता लेखनकलासँग सम्बन्धित कार्यकलापहरू गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञान हुनु लेखाइ सीप विकास गर्ने महत्त्वपूर्ण कुरा हो ।

भाषिक सीपहरू एक आपसमा सम्बन्धित हुन्छन् । यिनीहरूको आ-आफ्नै महत्त्व रहेको हुन्छ । मूख्यतया लेखनसीपमार्फत आफूले आर्जन गरेको ज्ञान तथा अनुभवहरूलाई भविष्यका लागि सञ्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ र पढाइ सीपहरूभन्दा लेखाइ सीपको अझ महत्त्व छ भन्न सकिन्छ ।

### २.२.२ लेखाइ शिक्षणको आवश्यकता र महत्व

आफूले भोगेका अनुभव, आफ्ना आवश्यकता एवम् विचारलाई लिपिबद्ध गर्नु लेखाइ हो । लिपि चिह्न लेख्ने योग्यता, हिज्जेको सही जानकारी तथा आफ्नो विचारलाई कसरी अभिव्यक्त गर्ने भने क्षमता विकास गर्ने शिक्षणलाई लेखाइ शिक्षण भनिन्छ । अभिव्यक्तिको विशिष्ट सीप नै लेखाइ हो । आफ्ना अनुभव एवम् विचारलाई विस्तृत बनाउँदै प्रस्तुत गर्न र आफ्ना अभिव्यक्तिलाई पछिसम्म उपयोगी हुन सक्ने बनाउन लेखाइको आवश्यकता पर्दछ । लेखनसीपको विकास गराउन विद्यार्थीहरूलाई लेख्य भाषामा प्रयुक्त लिपिबद्ध र तिनीहरूको उच्चार्य स्वरूपसँग परिचित गराउनका साथै ती चिह्नहरूको लेख्ने अभ्यास गराउनु पर्दछ । यसप्रकारले विद्यार्थीहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथसाथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताका आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । लेखाइ सीपलाई अझ उपयोगी बनाउन लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

व्यक्तिका सिर्जनात्मक क्षमताको विकास गराउन तथा लेखनमा गति क्रमबद्धता र संक्षिप्तता ल्याउन पनि लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । विभिन्न विषय, अभिव्यक्ति र प्रसंगअनुसार भाषिक शैलीको छनौट गर्ने क्षमता विकास गराउनका साथै हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गर्न लेखाइ शिक्षण उपयोगी हुन्छ । सफा र राम्रा अक्षरमा लेख्न, व्याकरणसम्मत भाषाको प्रयोग गर्ने क्षमता बढाउन लेखाइ शिक्षण महत्त्वपूर्ण हुन्छ ।

लेखनकला आफैँमा शिक्षणसिकाइको महत्त्वपूर्ण अंग हो । सम्पूर्ण कक्षा-कार्यकलापहरू लेखनकै सेरोफेरोमा संचालित हुन्छन् । लेखनकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्यांकनको प्रक्रियाले लेखन सीपसँग सोझो सम्बन्ध राख्दछ । लेखनसीपमा कमजोर हुँदा कुनै पनि तह पूरा गर्न समस्या पर्न सक्छ । त्यसैले अवस्था नआओस् भन्नका लागि विद्यार्थीहरूमा लेखन क्षमता बढाउँदै लैजान अत्यावश्यक भइसकेको छ । लेखन क्षमताको विकास गर्दै लैजान लेखाइ शिक्षणको फरक-फरक तहमा आ-आफ्नै महत्त्व राख्दछ । यसरी विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजान लेखाइ शिक्षणको विकल्प छैन भन्दा अत्युक्ति हुँदैन ।

### २.२.३ लेखाइ सीपको विकासमा चिठी तथा निवेदन लेखनको स्थान

विचार विनिमयका माध्यमहरूमा लेखाइलाई पनि महत्त्वपूर्ण मानिन्छ । बोलाइबाट पूरा नहुने विचारहरू लेखाइबाट पूरा हुने भएकाले पनि यसको महत्त्व अझै बढ्न गएको हो । आपूले अनुभव तथा ज्ञान गरेका कुरालाई सम्झनाका लागि सञ्चित एवं संगठित राखी भविष्यमा आफ्ना लागि समेत उपयोगी बनाउन पनि यसलाई प्रयोगमा ल्याउन सकिन्छ । यसर्थ लेखाइको वैयक्तिक रूपमा पनि अत्यन्त महत्त्व छ । लेखिएका कुराबाट समाजलाई प्रशस्त लाभान्वित गराउन सकिने भएकाले लेखाइ सामाजिक आवश्यकता पनि हो । जस्तो पत्राचारका माध्यमबाट हामी विभिन्न व्यक्तिहरूसँग सम्पर्क राख्छौं, आपसमा विचारको आदानप्रदान गर्छौं, कतिपयसँग त पत्रमित्रतासमेत कायम गर्छौं । वास्तवमा लेखाइले संप्रेषणको वृहत्तर अवसर उपलब्ध गराउँछ । लेखाइ अनुभव, भावना र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभइ यो ती अनुभव, भावना र ज्ञानको प्रचारप्रसार एवं सम्भार गर्ने माध्यम पनि हो भन्नु उपयुक्त नै हुन्छ ।

सर्वसाधारण वा खास व्यक्तिहरूमा आफ्नो विचार एवं भावना पुऱ्याउनु नै लेखाइको लक्ष्य हुन्छ । स्रोत एवं सम्बोध्य व्यक्ति वक्ताको सामु नभएको अवस्थामा भने लेखाइको आवश्यकता पर्दछ । यी दुवै किसिमका लेखन सिक्नु सामाजिक साथै वैयक्तिक आवश्यकताका लागि पनि महत्त्वपूर्ण कुरा हो । आफूले पाएका सामाजिक, सांस्कृतिक आदि पक्षका ज्ञानगुनको विवरण तथा जानकारी अरूसमक्ष प्रायः अप्रत्यक्ष ढंगले प्रस्तुत गर्नमा लेखाइले प्रशस्त सहयोग पुऱ्याएको पाइन्छ ।

लेखाइ व्यावहारिक कार्यकलाप पनि हो । सामान्य घरायसी व्यवहारका लागि पनि लेखाइ आवश्यक ठहरिन्छ । उक्त व्यवहारिक आवश्यकताका दृष्टिले चिठी, निवेदन, टिपोट आदि लेखाका कार्यकलापहरू आजका समाजका जुनसुकै सामान्य शिक्षित व्यक्तिका लागि अपरिहार्य छ । वैयक्तिक तहमा गरिने कतिपय व्यवहारमा चिठीलेखन सामान्य व्यवहारको अंग बनिसकेको छ । त्यस्तै कतिपय स्थितिमा निवेदन लेखन पनि कुनै संस्था वा प्रशासनिक एकाइसँग सम्पर्क राख्ने तथा काम लिने कुराको पहिलो खुट्किलो मानिन्छ । निवेदनविना अधिकांश संस्था वा तत्सम्बन्धी एकाइमा खास कामको औपचारिक सुरुवात सम्भव नभएको पाइन्छ । चिठीलेखनले औपचारिक व्यवहारको काम गर्ने हुनाले यसबाट सम्बोध्य व्यक्तिको मनस्थितिलाई कुनै व्यक्तिद्वारा पठाइएको मौखिक खबरले भन्दा बढी प्रभावित पार्न सक्छ । त्यसैले मानिसहरू कुनै व्यक्तिबाट काम लिनु छ भने मौखिक खबर पठाएर काम

लिन खोज्नुभन्दा चिठी लेखेर सो काम गराउन मन पराउँछन् । अतः विद्यार्थीहरूलाई चिठी तथा निवेदनलेखनप्रति अभिरुचि जगाई वा तत्सम्बन्धी सामान्य पृष्ठभूमि तयार गर्न लगाइ लेखाइ सीपको विकासमा मद्दत पुऱ्याउन सकिन्छ ।

चिठी निवेदनलेखन लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो । यसबाट स्वतन्त्र र निर्देशित दुवै किसिमका अभ्यासहरू गराउन सकिन्छ । विद्यार्थीहरूलाई प्राथमिक, निम्न माध्यमिक, माध्यमिक एवं उच्च माध्यमिक र विश्वविद्यालयअन्तर्गत पनि चिठी तथा निवेदनहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । यस कुराले पनि लेखनकलाको क्षमता बढाउन चिठी तथा निवेदनलेखन उत्कृष्ट कार्यकलाप भएको मान्न सकिन्छ । चिठी तथा निवेदनलेखनमा वर्णविन्यासगत, व्याकरणगत, शब्दभण्डार, चिह्नप्रयोग, वाक्यगठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरणजस्ता लेखाइसम्बन्धी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सीप विकास गराउन चिठी निवेदनलेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा चिठी तथा निवेदनलेखनको स्थान महत्त्वपूर्ण भएको प्रमाणित हुन्छ ।

### २.२.४ विद्यालय तहमा चिठी तथा निवेदन शिक्षणको प्रयोजन

चिठी निवेदनलेखनको मुख्य उद्देश्य स्वतन्त्र र निर्देशित रूपमा लेखनसीप हासिल गर्नु हो । अति आवश्यकीय विषयवस्तुको बारेमा जानकारी लिन, मनमा लागेका विचारहरूलाई सम्बोध्य निकट पोख्न प्रयोग गरिने लिखित अभिव्यक्ति नै चिठी तथा निवेदनलेखन हो । चिठी तथा निवेदनलेखन अन्य विधाहरूभन्दा पुरानो, व्यावहारिक, प्रायोगिक तथा बौद्धिक अभिव्यक्ति हो । चिठी तथा निवेदनलेखनलाई भाषा तथा लेखन सीपका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । खास गरी लेखनक्षमता अभिवृद्धिका रूपमा यसको शिक्षणका मुख्य प्रयोजनहरू निम्नानुसार छन्:

(क) चिठी निवेदन शिक्षणको मुख्य प्रयोजन लेखनकलाको समुचित विकास गर्नु,

(ख) स्वतन्त्र तथा सृजनात्मक लेखनको सुसंगठित रूप पहिचान र अवलम्बन गर्न सिकाउनु,

(ग) सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै शब्दोच्चारण तथा अन्य भाषिक ज्ञानका लागि उपयोग गर्नु,

(घ) स्थान र प्रसंगअनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम तुल्याउनु,

(ङ) स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु,

(च) आफूलाई प्राप्त चिठी तथा निवेदनको शिष्ट र उचित जवाफ लेख्न सक्षम तुल्याउनु,

(छ) संस्था तथा कार्यालयसमक्ष आफ्नो आवश्यकताअनुसारको विचार सम्प्रेषण गर्न सक्षम तुल्याउनु,

(ज) टाढा टाढाका आफन्त, मित्र र सम्बन्धित व्यक्तिसँग सम्बन्ध स्थापना र आफूलाई लागेका विचारको साटासाट गर्न सक्ने तुल्याउनु ।

यसरी माथि उल्लिखित प्रयोजनबाहेक चिठीनिवेदन शिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि सोझो सम्बन्ध राख्दछ । समग्रमा विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउन चिठी तथा निवेदन शिक्षणको प्रमुख भूमिका रहन्छ भन्दा अत्युक्ति हुँदैन ।

### २.२.५ विद्यालय तहका वर्तमा पाठ्यक्रमहरूका चिठी तथा निवेदन स्थान र शिक्षण प्रक्रिया

चिठी तथा निवेदनको क्षेत्र रचना हो । यी दुवैलाई स्वतन्त्र र निर्देशित रचनाभित्र समेटिएको पाइन्छ । चिठी तथा निवेदनलेखन लेखाइ शिक्षणको प्रमुख कार्यकलाप भएबाट विद्यालयको प्रारम्भिक तहदेखि नै यसलाई समावेश गरिएको छ । मुख्य रूपमा लेखाइसँग सम्बन्धित सिर्जनात्मक क्षमता विकास गराउँदै, नेपाली भाषाको मानक रूपसँग परिचित गराउने प्रमुख ध्येय चिठी निवेदनलेखन शिक्षणको हुन्छ । विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा स्वतन्त्र र छोटा रचनाहरूअन्तर्गत चिठी तथा निवेदनलई समेटिएको पाइन्छ । यहाँ चिठी निवेदन शिक्षण प्रक्रियालाई कसरी परिभाषित गरिएको छ भन्नेतर्फ खोजी गर्ने प्रयत्न गरिएको छ । वर्तमान विद्यालय तहका पाठ्क्रमहरूमा चिठी निवेदन विधाको स्थान र शिक्षण प्रक्रियालाई क्रमबद्ध रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.२.५.१ प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९

यस पाठ्यक्रमले नेपाली विषयअन्तर्गत निम्न क्षेत्रहरूलाई समेटेको पाइन्छः भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) भाषिक सीपका क्षेत्रहरू (उच्चारण, बोध, श्रुति र पठन, कार्यमूलक व्याकरण, शब्दकोष), शब्दभण्डार, वाक्यका शब्दसंख्या । पाठ्यक्रममा प्राथमिक तहको अन्तमा विद्यार्थीहरूले नेपाली भाषा विषयमा हासिल गर्ने सिकाइ उपलब्धिहरू शीर्षकमा उल्लिखित क्षेत्र तथा भाषिक सीपहरूको उपलब्धि क्षमतालाई अंकित गरिएको छ । यसरी भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइअन्तर्गत निम्न पक्षहरूलाई समावेश गरिएको छः

- चिह्नहरू र हिज्जे मिलाई ठीक दूरीमा सफासँग अरूलाई बुझाउन सक्ने गरी लेख्न ।
- स्वतन्त्र रूपमा छोटा (अनुच्छेद, चिठी, निवेदन र प्रबन्ध) रचनाहरू गर्न ।
- बैंक भौचर र चेक लेख्न ।
- विभिन्न संघ संस्था, कार्यालय आदि स्थानमा आवश्यकताअनुसार फारामहरू भर्न ।

यसरी यस पाठ्यक्रममा स्वतन्त्र तथा निर्देशित छोटो रचनाका रूपमा चिठी निवेदनलेखनलाई स्थान दिएको छ । छोटा छोटा अनुच्छेदहरू सरल शैलीमा लेख्न, वस्तु तथा चिह्नहरूको वर्णन गर्न, स्वतन्त्र रूपमा औपचारिक चिठी, निवेदन, घरायसी चिठी तथा प्रबन्धजस्ता छोटा रचनाहरु लेख्न लगाएर विद्यार्थीहरूमा लेखन क्षमता विकास गराउने पक्षमा पाठ्यक्रम सकारात्मक देखिन्छ । आवश्यक विषयमा विद्यार्थीहरूले चिठी निवेदन लेख्न सक्ने बनाउनु प्राथमिक नेपाली भाषा पाठ्यक्रमको उद्देश्य रहेबाट चिठीनिवेदनलेखन प्रक्रियालाई यस पाठ्यक्रमले लेखाइ सीप विकासका लागि लिएको मान्न सकिन्छ ।

### २.२.५.२ निम्न माध्यमिक पाठ्यक्रम २०५८ (परिमार्जित संस्करण)

निम्न माध्यमिक पाठ्यक्रम २०५८ ले कक्षा छ, सात र आठ गरी जम्मा तीन वटा कक्षालाई निम्न माधयमिक तह भनेर परिभाषित गरेको छ । यस पाठ्यक्रमले नेपाली

भाषामा विधागत क्षेत्र निर्धारणका क्रममा प्रबन्ध/निबन्ध, कथा, जीवनी, चिठी, व्याकरण, शब्दभण्डारजस्ता विधाहरूलाई समेटेको पाइन्छ । यो तह पूरा भएपछि विद्यार्थीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिहरूका सन्दर्भमा स्तरअनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई लेख्न सक्षम हुनु लगायतका उद्देश्यहरू राखिनुले लेखाइ सीपसम्बन्धी क्षमता बढाउन पाठ्यक्रमले महत्त्व दिएको छ भन्न सकिन्छ । त्यसैगरी कक्षा छदेखि आठसम्म विधाहरूमा चिठी र निवेदनलाई नेपाली विषयमा दुईदुई पाठको अध्ययनका लागि पाठ शीर्षक छुट्याइएको र अंक भार १० (दस) निर्धारण गरेबाट चिठीनिवेदनलेखनलाई पाठ्यक्रमले विशेष रूपमा हेरेको पाइन्छ ।

यसैगरी चिठी/निवेदन शिक्षण प्रक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ । यस विधाको मुख्य प्रयोजन विद्यार्थीहरूमा स-साना रचनाहरू सिलसिला मिलाई लेख्ने क्षमताको विकास गर्नु हो । यसको शिक्षणका क्रम निर्दिष्ट चिठी निवेदनका पाठको उपयोग गर्नुका साथै खास विषयशीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा चिठी निवेदन लेखनको अभ्यास गराउनुपर्छ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त गद्यांशको सस्वरपठन, बुँदागत टिपोट, सारांश, भावविस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखनजस्ता अभ्यास गराउनु आवश्यक छ (अनिवार्य नेपाली निम्नमाध्यमिक पाठ्यक्रम, २०५८) ।

### २.२.५.३ माध्यमिक शिक्षा पाठ्यक्रम

माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ ले कक्षा नौ र दसलाई माध्यमिक तहका रूपमा परिभाषित गरेको छ ।

पाठयक्रममा माध्यमिक शिक्षाको उद्देश्यका साथै तहगत उद्देश्यका आधारमा विषयगत उद्देश्यहरूलाई समावेश गरिएको छ । विद्यालय तहको पठनपाठन कार्यमा नेपाली भाषा शिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको छ । विद्यालयमा प्रारम्भिक तहदेखि अनिवार्य रूपमा अध्यापन हुँदै आएको नेपाली विषयको शिक्षण प्रभावकारी एवम् व्यावहारिक हुनुपर्दछ । नेपाली भाषा राष्ट्रभाषा, साझाभाषा, एवम् माध्यमभाषा साथै सम्पर्क भाषाको रूपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम र पाठ्यपुस्तक हुनुपर्छ भन्ने कुरामा कसैको दुई मत हुन सक्तैन । विद्यालय तहमा नेपाली भाषाको शिक्षण प्रयोजन भाषिक दक्षता अभिवृद्धि

गर्नुका साथै अन्य विषयहरूको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध पक्ष र अभिव्यक्तिको विकास गर्नु रहेको छ (अनिवार्य नेपाली माध्यमिक शिक्षा पाठ्यक्रम २०५५, दो.सं., २०५७) । यसरी हेर्दा यस पाठ्यक्रमले नेपाली भाषाको शिक्षणका पछाडि भाषिक दक्षता हासिल गराउनु प्रमुख लक्ष्य राखेको देखिन्छ ।

अनिवार्य नेपाली माध्यमिक पाठ्यक्रम २०५५ मा भाषिक सीपअन्तर्गत छुट्टा छुट्टै उद्देश्यहरू निर्धारण गरिएको छ । यसै क्रममा लेखाइ सीपभित्र दसवटा उद्देश्यहरूलाई छुट्याइएको छ । आठौं क्रममा लेखिएको घरायसी चिठी, कार्यालयीय चिठी र विद्यालयस्तरीय निवेदन लेख्न भन्ने उद्देश्यले चिठी निवेदनलेखनलाई संकेत गरेको छ । यस पाठ्यक्रमले नेपाली भाषाको समसामयिक विषयवस्तुलाई समावेश गर्ने क्रममा निबन्ध/प्रबन्ध, कथा, जीवनी, चिठी, रूपक, दैनिकी, कविता, भाषातत्त्व, शब्दभण्डार तथा टुक्का र उखानजस्ता विधाहरूको वर्गीकृत रूपमा वितरण गरेको पाइन्छ । सोही पाठ्यक्रमअनुरूप निर्माण गरिएका पाठ्यपुस्तकहरूमा दिएका अभ्यासहरूमा सिर्जनात्मक अभ्यास शीर्षक दिएर विभिन्न विषयहरूमा चिठी तथा निवेदन लेख्न प्रेरित गरिएको छ । यस कुराले चिठी तथा निवेदन शिक्षण तथा चिठी निवेदनलेखन शिक्षण दुवै पक्षमा पाठ्यक्रम सकारात्मक भएको देखिन्छ ।

चिठी निवेदनलेखनमा खास ढंगढाँचाको विशेष महत्त्व रहन्छ । शिक्षार्थीहरूलाई तिनमा सामान्यतः परिचित गराइसकेपछि मात्र अन्य कुराको अभ्यासमा ध्यान दिनुपर्छ । चिठी सिकाउँदा यहाँ मिति, यहाँ ठेगाना, यहाँ सम्बोधन लेख्नुपर्छ आदिको निर्देशन शिक्षार्थीहरूलाई दिनुका साथै चिठी कहिले लेखिएको हो, सोका लागि सम्बोधन, उससँग चिठी लेखेको सम्बन्ध के कस्तो छ वा हो सोअनुरूप शिष्टता तथा आत्मीयता दर्साउने विशेषण र नमस्कारात्मक, आशीर्वादात्मक वा तत्सम्बन्धी अन्य शब्द वा पदावली र तिनको उपयोग गर्ने ढंग स्पष्ट्याउनु बेस हुन्छ, नत्र यो यता लेख्ने हो र यो उता लेख्ने जस्ता निर्देशनहरूको मात्र कुनै अर्थ हुँदैन (अधिकारी, नेभाशि, २०६३: १२२, १२३) । यसर्थ माध्यमिक पाठ्यक्रममा चिठीनिवेदन शिक्षण तथा लेखन शिक्षण दुवै पक्षमा समानता पाइन्छ । पाठ्यक्रममा समावेश गरिएको मूल्यांकन अंकभारमा पनि चिठीनिवेदन विधालाई व्याकरण र शब्दभण्डारबाहेक अन्य क्षेत्रहरूमा समावेश गरिएको छ ।

## २.३ सारांश

कक्षा छ देखि कक्षा दससम्मकै वार्षिक, परीक्षामा पनि चिठी तथा निवेदन लेखनसम्बन्धी प्रश्नलाई १० प्रतिशत अंकभारको स्थान दिइन्छ । कक्षा आठको जिल्ला स्तरीय परीक्षा होस् वा एस.एल.सी. परीक्षामा पनि अनिवार्य नेपाली अन्तर्गतको प्रश्नमा १० प्रतिशत अंक चिठी निवेदनलेखनको प्रश्नलाई छुट्याइएको छ । अझै कक्षा ९ र १० को अनिवार्य सामाजिक शिक्षाका पाठ्यपुस्तकका अभ्यासमा र वार्षिक होस् वा प्रवेशिका परीक्षामा होस् लामा उत्तरमा चिठी तथा निवेदनका प्रश्नहरू सोधिएका हुन्छन् । यस कुराले विद्यालय तहमा चिठी तथा निवेदनलेखनसम्बन्धी अध्ययन अध्यापनलाई विशेष महत्त्वका साथ हेरिएको संकेत गर्दछ । चिठीनिवेदनलेखनबाट विद्यार्थीहरूमा नेपाली भाषाको मानक लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ । यसरी लेखन क्षमतामा मनोवैज्ञानिक तवरले विकास गर्दै लैजान चिठी निवेदनलेखन प्रक्रियाले सकारात्मक भूमिका खेल्ने हुँदा विद्यालय तहका पाठ्यक्रममा चिठीनिवेदन शिक्षण तथा लेखन दुवै पक्षमा विशेष रूपमा ख्याल गरिएको पाइन्छ ।

# परिच्छेद तीन

## अध्ययन विधि

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकोले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गरिएको हुन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबभन्दा महत्त्वपूर्ण विषय हो । कुनै पनि अनुसन्धान अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूलाई पूर्व योजनका रूपमा व्यवस्थित गरिनुपर्दछ र मात्र अनुसन्धान कार्यमा कुनै किसिमको बाधा अड्चन आउँदैन । अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनका लागि अपनाएका विधिहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट नै स्पष्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्त्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास उपयुक्त ठानिएको छ । "कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन" शीर्षक सोझै विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकोले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । नमुना सर्वेक्षण विधि भन्ने बित्तिकै यसको कार्य क्षेत्रीय विधि वा प्रयोगात्मक विधिमा आधारित रहन्छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसंख्या पहिचान, प्रतिनिधि नमुना छनौट, तथ्यांक संकलनका लागि सामग्री निर्माण, त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्यांक संकलन, संकलित तथ्यांकहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरणजस्ता सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको हो । अध्ययनमा अपनाइएका प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार छ–

## ३.१ जनसंख्याको पहिचान

शैक्षिक सत्र २०६३/०६४ मा कक्षा सात पूरा गरेका अर्थात् कक्षा आठको अध्ययन प्रारम्भ गरेका सम्पूर्ण विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसंख्याको रूपमा लिइएको छ । तर अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसंख्याको अध्ययन गर्न नसकिने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कन क्षेत्र उदयपुर जिल्लाका सरकारी पाँच (५) र निजी पाँच (५) गरी १० (दस) वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूलाई जनसंख्याका रूपमा लिइएको छ ।

## ३.२ प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले जनसंख्याको पूर्णतः प्रतिनिधित्व गरोस् र जनसंख्याका गुण वा विशेषताहरू त्यस्ता नमुनामा समावेश होउन् भन्ने अध्येताको दृष्टिकोण रहेको हुन्छ । हुन पनि कुनै अनुसन्धानमा त्यसको व्याख्या र विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसंख्याबाट कसरी नमुनाको प्रतिनिधित्व गराइएको छ भन्ने कुरा नितान्त आवश्यक पक्ष हो । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गराउन सम्भावनामा सो उद्देश्य, वर्गछनौट विधि अपनाइएको छ । नमुना छनौट गर्ने क्रममा उदयपुर जिल्लाभित्र पर्ने गाईघाट, मोतीगदा, देउरी, कटारी तथा सोरुङ्गछविसेजस्ता गाउँ विकास समिति र नगरपालिकामा अवस्थित सरकारी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट फरक फरक भाषिक पृष्ठभूमि भएका तथा ५/५ जना क्रमशः छात्र/छात्रा पर्ने गरी प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा ५० जना विद्यार्थीहरूको पनि छनौट भएको छ । सोही प्रक्रिया अवलम्बन गरी ५ वटा निजी विद्यालयहरूबाट ५० जनाकै संख्यामा विद्यार्थीहरूको छनौट गरियो । निजी विद्यालयको चयनमा त्रियुगा नगरपालिका र कटारी नगरविकासभित्रका विभिन्न क्षेत्रमा अवस्थित विद्यालयहरूको छनौट गरिएको छ । यसरी विद्यालयको छनौट गर्दा विभिन्न क्षेत्रबाट समग्र विद्यालयहरूको प्रतिनिधित्व भएको अपेक्षा अध्येताको रहेको छ ।

सरकारी तथा निजी विद्यालयको छनौटमा सरकारी र निजी दुवै प्रकारका विद्यालयहरू नगरपालिका र गाउँ विकास समितिअन्तर्गत पर्ने गरी चयन गरिएको छ । यसरी अध्ययनमा समाविष्ट कुल १०० जना छात्र-छात्रा प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रूपमा कायम गरिएको छ ।

### ३.३ सामग्री निर्माण

अनुसन्धान अधययनको प्रकृतिअनुसार सामग्री निर्माण गर्न अति जरुरी छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखनसीप परीक्षण गरी तथ्या संकलन गर्नुपर्ने भएकाले सोहीअनुरूपका सामग्री निर्माण गर्न आवश्यक ठानियो । लेखनसीपसँग सम्बन्धित चिठी तथा निवेदन लेखनजस्तो विभिन्न विषयसँग सम्बन्धित भएर विद्यार्थीहरूबाट गराउनु पर्ने हुादा समसामयिक र अति आवश्यकीय विषयहरूलाई शीर्षकका रूपमा प्रस्ताव गरियो । प्रस्तावित शीर्षकहरूमाथि शोधनिर्देशकको उपस्थितिमा आवश्यक छलफलपश्चात् अध्येताले प्रस्तुत अध्ययनका लागि शीर्षकको चयन गरेका छन् । तत्पश्चात् सम्बन्धित जनसंख्यामा अध्येताले सोही शीर्षकमा विद्यार्थीहरूलाई चिठी तथा निवेदन लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने प्रयत्न गरेका छन् ।

### ३.४ तथ्यांक संकलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्यांक संकलन गर्ने क्रममा उदयपुर जिल्लाका प्रतिनिधि नमुनाका रूपमा छनौट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा चिठी तथा निवेदन लेख्न प्रेरित गरियो । प्रस्तुत अनुसन्धान अधययनका लागि अध्येताले सम्बन्धित विद्यालयका विद्यालय प्रशासन र संस्थापकहरूसँग गरेको मौखिक अनुरोधका आधारमा समन्वय गर्दै तथ्यांक संकलन कार्यलाई अगाडि बढाइयो । नमुना जनसंख्याका रूपमा चयन गरिएका विद्यालयहरूबाट अध्येताले अपेक्षाकृत सहयोग प्राप्त गरेपछि ती विद्यालयहरूबाट संकलन गरिएका चिठी तथा निवेदन भएका उत्तरपुस्तिकालाई शोध निर्देशकको सुझावका आधारमा प्रक्रियागत रूपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई उत्तरपुस्तिकाको स्थानअनुकुल अंकित गरियो । उक्त उत्तरपुस्तिकालाई जाँच गर्न उत्तरपुस्तिका परीक्षण कुञ्जिका शोध निर्देशकको सुझावका आधारमा शीर्षकसँग सम्बन्धित सामान्य ढाँचा, विषयवस्तु, भाषिक शुद्धता र शैली एवम् शिल्प गरी चार पक्षमा केन्द्रित रहेर वस्तुगत अंक निर्धारण गरिएको छ ।

शैक्षिक सत्र २०६२/०६३ अन्तर्गत २०६३ भाद्र/असोज महिनाको समय सीमाभित्र प्रस्तुत अध्ययनको तथ्य संकलन गरिएको थियो । तथ्य संकलनका लागि छनौट गरिएका प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई अलग्गै कोठामा राखी विद्यालयका प्र.अ.को उपस्थितिमा आवश्यक सल्लाह दिइएको थियो । निर्धारित चिठी तथा निवेदनको

शीर्षकमा प्रतिशीर्षक २० मिनेट गरी दुवै शीर्षकलाई ४० मिनेटको समय सीमाभित्र चिठी तथा निवेदन तयार गर्न निर्देश गर्दै विद्यार्थीहरूमा चिठी तथा निवेदन लेख्न प्रेरित गरिएको थियो ।

## ३.५ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्यांक संकलनका क्रममा प्राप्त चिठी तथा निवेदन लेखिएका उत्तरपुस्तिकाहरूमा अंकित गरिएका प्राप्ताङ्कहरूलाई संस्थागत, भाषिक पृष्ठभूमि तथा लिङ्गगत समूहहरूमा वर्गीकरण गरी तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्यम स्थान तथा न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक संख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी चिठी तथा निवेदन लेखन क्षमताको स्थिति अवलोकन गरियो । प्रस्तुत अध्ययनका लागि उपयोगमा ल्याइएको सूत्र यस प्रकार रहेको छः

(क) प्रतिशताङ्क (Percentile) गणना गर्न उपयोगमा आएको सूत्र

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी संख्या

T = कुल विद्यार्थी संख्या

# परिच्छेद चार

# चिठीलेखनको व्याख्या र विश्लेषण

यस अध्ययनबाट कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । परिच्छेद तीनमा प्रस्तुत गरिएको अध्ययन विधिअनुसार यहाँ शोधकर्ताद्वारा उदयपुर जिल्लाभित्रका १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि आवश्यक तथ्य संकलन गरिएको छ ।

उक्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गरियो । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणनालाई मुख्य रूपमा अगाडि सारिएको छ । चिठीलेखनको प्रतिशत गणना गर्दा समग्र विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूबीचको चिठीलेखन क्षमताको तुलनात्मक अध्ययन, लैङ्गिक आधारमा छात्र तथा छात्राहरूबीचको चिठी लेखनक्षमताको तुलनात्मक अध्ययन र नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूबीचको चिठीलेखन क्षमताको तुलनात्मक अध्ययन गरी विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएको प्रतिशताङ्क गणना विधिको स्वरूप निम्नानुसार उल्लेख गरिएको छः

## ४.१ विद्यार्थीहरूको चिठीलेखन क्षमता विवरण

**तालिका नं १**

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा कम | | ५० देखि ६५ प्रतिशतभन्दा कम | | ६५ देखि ८० प्रतिशतभन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १०० | १० | १० | २३ | २३ | २९ | २९ | ३१ | ३१ | ७ | ७ |


**विद्यार्थीहरूको चिठीलेखन क्षमता प्रतिशत**

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको चिठीलेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसंख्याका रूपमा छनौट गरिएका कुल संख्या १०० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतको आधारमा पाँच श्रेणीमा निर्धारण गरिएको छ । जसअनुसार ३५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १० प्रतिशत देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २३ प्रतिशत देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २९ प्रतिशत देखिन्छ । ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३१ प्रतिशतमात्र रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ७.० प्रतिशत मात्र रहेको छ ।

न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको संख्या (१० प्रतिशत) र उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको संख्या (७.० प्रतिशत) कमै मात्रामा फरक देखिनाले समग्रतामा विद्यार्थीको चिठी लेखन क्षमता उच्च नरहेको देखिन्छ । तालिकामा उल्लेख भएअनुसार ६५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या (२९ प्रतिशत) र ६५ प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीको संख्या (३१ प्रतिशत) देखिनुले विद्यार्थीहरूको चिठीलेखन क्षमता सन्तोषजनक देखिन्छ । ५० प्रतिशतभन्दा माथि ६७ प्रतिशत र ५० प्रतिशतभन्दा कम ३३ प्रतिशत विद्यार्थीहरू मात्र देखिन्छ । यस नतिजाले विद्यार्थीहरूको चिठीलेखन क्षमता कमजोर नरहेको अवस्थालाई संकेत गर्दछ । यस तथ्यलाई तलको रेखाचित्रले पनि पुष्टि गर्दछ ।

### रेखाचित्र नं १

### विद्यार्थीहरुको लेखन क्षमताको उपलब्धि




## ४.२ सरकारी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता विवरण

### तालिका नं २

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा कम | | ५० देखि ६५ प्रतिशतभन्दा कम | | ६५ देखि ८० प्रतिशतभन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | १० | २० | १३ | २६ | १३ | २६ | १३ | २६ | १ | २ |

**सरकारी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता प्रतिशत**

उपर्युक्त तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी चिठीलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न सरकारी विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसंख्याको रूपमा ५०


जना छात्र-छात्राहरूलाई चयन गरिएको देखिन्छ । प्रस्तुत अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको ३५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २० प्रतिशत देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल प्राप्तांक ल्याउने विद्यार्थीहरूको २६ प्रतिशत देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २६ प्रतिशत नै उल्लेख भएको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्च श्रेणी मापन गरिएको ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरू २ प्रतिशत मात्र रहेको देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमता अत्यन्त कमजोर रहेको मान्न सकिन्छ ।

६५ प्रतिशतलाई आधार मानेर समग्रमा ६५ प्रतिशतभन्दा तल र माथि निर्धारण गरि माथिका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गर्दा विद्यार्थीहरूको चिठीलेखन क्षमतामा सन्तोषजनक तथ्य पाउन सकिँदैन । ६५ प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २८ प्रतिशत मात्र देखिनुले यस तथ्यलाई छर्लङ्ग पारेको छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल क्षमताको अंकन गराउन सफल विद्यार्थीहरूको संख्या समग्र प्रतिशतको श्रेणीबद्ध, प्रतिशताङ्कका आधारमा बढी अर्थात् २६ प्रतिशत देखिनुले चिठीलेखनसँग आंशिक रूपमा परिचित रहेका तर स्पष्ट हुन नसकेका विद्यार्थीहरूको संख्या बढी नै रहेको यथार्थतालाई माथिको तथ्यांकले स्पष्ट पारेको छ ।

यसरी ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या २० प्रतिशत र ८० प्रतिशतभन्दा माथि चिठीलेखनमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या २ प्रतिशत मात्र देखिनुले सरकारी विद्यालयमा अध्ययनरत कक्षा सात पूरा गरेका समग्र विद्यार्थीहरूको चिठी लेखन क्षमतामा एकरूपता नभएको र चिठीलेखन क्षमता कमजोर देखिन्छ । यसरी सरकारी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता कमजोर हुनुमा विद्यालयको भौतिक सेवा सुविधामा कमी, विद्यार्थीको आर्थिक अवस्था कमजोर हुनु, विद्यार्थीसंख्याको चापजस्ता समस्याहरू बाधकका रूपमा रहेको अध्येताको ठहर छ । हेरौं तलको रेखाचित्रबाट उक्त कुरा प्रस्ट हुन्छ ।

रेखाचित्र नं २

**सरकारी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको उपलब्धि**




## ४.३ निजी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता विवरण

**तालिका नं ३**

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा कम | | ५० देखि ६५ प्रतिशतभन्दा कम | | ६५ देखि ८० प्रतिशतभन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | - | - | १० | २० | १६ | ३२ | १८ | ३६ | ६ | १२ |

**निजी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता प्रतिशत**

उपर्युक्त तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी चिठीलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसंख्याको रूपमा ५०


जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । प्रस्तुत अध्ययनमा ३५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमता भएका विद्यार्थीहरूदेखि लिएर ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएको विद्यार्थीहरूलाई प्रतिशताङ्क श्रेणीमा निर्धारण गरिएको छ । ३५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या शूनय (०) प्रतिशत उल्लेख गरिएको छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३२ प्रतिशत देखाइएको छ । ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३६ प्रतिशत देखाइएको छ । ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १२ प्रतिशत मात्र देखिएको हुँदा चिठीलेखनमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

३५ प्रतिशतभन्दा कम अंक ल्याउने विद्यार्थीहरूको संख्या शून्य देखिनु, ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूका संख्या २० प्रतिशत मात्र हुनु र ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या सबभन्दा बढी ३६ प्रतिशत देखिनुले निजी विद्यालयका अध्ययन गर्ने विद्यार्थीहरूको चिठीलेखन क्षमता सन्तोषजनक देखिन्छ । ३५ प्रतिशतभन्दा तल अंक ल्याउने विद्यार्थीहरूको संख्या शून्य हुनु र ८० प्रतिशतभन्दा माथि अंक ल्याउने विद्यार्थीहरूको संख्या १२ प्रतिशत देखिनुले निजी विद्यालयका कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठीलेखन क्षमता कमजोर नरहेको अवस्थालाई संकेत गर्दछ ।

यसरी निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको चिठीलेखन क्षमता सन्तोषजनक देखिनुमा विद्यालयको भौतिक अवस्था सक्षम हुनु, शैक्षिक वातावरण उपयुक्त हुनु, अभ्यासमा बढी जोड दिइनु, अभिभावकहरू लगानी गरेका कारण सचेत देखिनु जस्ता कारणहरू हुन सक्ने अध्येताको ठहर छ । जस्तै तलको रेखाचित्र हेरौं

रेखाचित्र नं ३

## निजी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको उपलब्धि




## ४.४ नेपाली मातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता विवरण

### तालिका नं ४

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा कम | | ५० देखि ६५ प्रतिशतभन्दा कम | | ६५ देखि ८० प्रतिशतभन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | ३ | ६ | १० | २० | १३ | २६ | १९ | ३८ | ५ | १० |

**नेपाली मातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता प्रतिशत**


यस तालिकामा नेपाली मातृभाषी ५० जना विद्यार्थीहरूमध्ये ६.० प्रतिशत विद्यार्थीहरू ३५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमता हुने समूहमा परेको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २० प्रतिशत देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल चिठीलेखन क्षमता

भएका विद्यार्थीहरूको संख्या २६ प्रतिशत उल्लेख गरिएको छ । ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३८ प्रतिशत देखिन्छ । अधिकतम श्रेणी निर्धारण गरिएको ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १० प्रतिशत मात्र रहेको हुँदा चिठीलेखनमा विद्यार्थीहरूको उच्चतम क्षमता नभएको अध्येताको ठहर छ ।

६५ प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा सन्तोषजनक छ भन्न सकिन्छ । यहाँ ४८ प्रतिशत विद्यार्थीहरूले ६५ प्रतिशतभन्दा माथि आफ्नो क्षमतालाई प्रस्तुत गर्न सफल भएका छन् । ३५ प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमताको अंकन गराउन सफल विद्यार्थीहरूको संख्या समग्र प्रतिशतको श्रेणीबद्ध प्रतिशताङ्कका आधारमा कम अर्थात् ४६ प्रतिशत रहेको देखिन्छ । यस तथ्यले विद्यार्थीहरूमा चिठीलेखनसम्बन्धी धारणात्मक विकास भएको तर आंशिक रूपमा प्रक्रियागत विषयवस्तु, भाषिक शुद्धता, शैली र शिल्प ज्ञानको अभाव रहेको कुरालाई संकेत गर्दछ । अधिकांश विद्यार्थीहरूको क्षमतागत प्राप्तांक ५० प्रतिशत देखि ८० प्रतिशतभन्दा माथि सम्मको गणना गर्दा ७४ प्रतिशत देखिनुले चिठीलेखनको प्रक्रिया, स्वरूप, आंशिक रूपमा भएपनि जानकारी भएको जस्तो देखिन्छ । यस कुरालाई तलको रेखाचित्रले पुष्टि गर्दछ ।

**रेखाचित्र नं ४**

**नेपाली मातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता उपलब्धि**



## ४.५ नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता विवरण

**तालिका नं ५**

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा कम | | ५० देखि ६५ प्रतिशतभन्दा कम | | ६५ देखि ८० प्रतिशतभन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | ७ | १४ | १४ | २८ | १६ | ३२ | ११ | २२ | २ | ४ |

**नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता प्रतिशत**


प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी चिठीलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न नेपाली विमातृभाषी विद्यार्थीहरूमध्येबाट नमुना प्रतिनिधि जनसंख्याको रूपमा ५० जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । यस तालिकामा ३५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १४ प्रतिशत रहेको छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २८ प्रतिशत देखिएको छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३२ प्रतिशत रहेको छ । यो श्रेणी नै यस तालिकामा भएका अन्य श्रेणीभन्दा बढी विद्यार्थीहरूको चिठीलेखन क्षमताको प्रतिशत गणना अंकन गर्न सफल देखिन्छ । ६५ देखि माथि र ८० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २२ प्रतिशत रहेको छ । त्यसैगरी यस अध्ययनमा विशिष्ट श्रेणी मापन गरिएको ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ४ प्रतिशत मात्र रहेको देखिन्छ ।

५० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा सन्तोषजनक नतिजा पाउन सकिन्छ । यहाँ ३५ प्रतिशतभन्दा कम अंक प्राप्त गर्ने विद्यार्थीहरूको संख्या १४ प्रतिशत र ५० प्रतिशतभन्दा कम अंक ल्याउने विद्यार्थीहरूको संख्या २८ प्रतिशत गरी जम्मा ४२ प्रतिशत

विद्यार्थीहरूको चिठीलेखन क्षमता कमजोर देखिनुले नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमतामा एकरूपमा आउन सकेको देखिँदैन । यस तथ्यलाई तलको रेखाचित्रले पुष्टि गरेको छ ।

**रेखाचित्र नं ५**

**नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमताको उपलब्धि**



## ४.६ छात्रा विद्यार्थीहरूको चिठीलेखन क्षमता विवरण

### तालिका नं ६

| कुल छात्रा संख्या सरकारी + निजी | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | संख्या | प्रतिशत | जम्मा संख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| (२५+२५) = ५० | ३५ प्रतिशतभन्दा कम अंक ल्याउन | सरकारी | ५ | १० | ५ | १० |
| | | निजी | – | | | |
| | ३५ भन्दा माथि र ५० भन्दा तल अंक ल्याउने | सरकारी | ७ | १४ | १३ | २६ |
| | | निजी | ६ | १२ | – | – |
| | ५० भन्दा माथि र ६५ प्रतिशतभन्दा तल | सरकारी | ६ | १२ | १६ | ३२ |
| | | निजी | १० | २० | | |
| | ६५ भन्दा माथि र ८० भन्दा तल | सरकारी | ६ | १२ | १२ | २४ |
| | | निजी | ६ | १२ | | |
| | ८० र ८० भन्दा बढी अंक ल्याउन | सरकारी | १ | २ | ४ | ८ |
| | | निजी | ३ | ६ | | |

### छात्रा विद्यार्थीहरूको चिठीलेखन क्षमता प्रतिशत

प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी समग्र विद्यार्थीहरूमध्येबाट छात्रा विद्यार्थीहरूलको चिठीलेखन क्षमता पहिचान गर्न प्रतिनिधि नमुना जनसंख्याका रूपमा ५० जना छात्राहरूलाई चयन गरिएको छ । जसमध्ये सरकारी विद्यालयबाट २५ जना र निजी विद्यालयबाट २५ जना छात्राहरूको प्रतिनिधित्व गराइएको छ । यस अध्ययनमा क्षमता मापनको निर्धारण गरिएका प्रतिशताङ्क मापनका आधारहरूमध्ये ३५ प्रतिशतभन्दा कम क्षमता भएका छात्राहरूको संख्या १० प्रतिशत रहेको छ । जसमा निजी विद्यालयका छात्राहरूले प्राप्त गरेको चिठीलेखन क्षमता ३५ प्रतिशतभन्दा कम नरहेको तथ्य प्रस्ट देख्न सकिन्छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका छात्राहरूको संख्या २६ प्रतिशत रहेको छ । जसमा सरकारी विद्यालयलाई १४ प्रतिशत र निजी विद्यालयतर्फका १२ प्रतिशत छात्राहरूको प्रतिनिधित्व देखिन्छ । ५० प्रतिशतभन्दा


माथि ६५ प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका सरकारी विद्यालयका छात्राहरूको संख्या १२ प्रतिशत र निजी विद्यालयका छात्राहरूको संख्या २० प्रतिशत रहेको छ । समग्रमा ३२ प्रतिशत छात्राहरू यसै श्रेणीअन्तर्गत आबद्ध छन् । सरकारी र निजी विद्यालयका यस श्रेणीमा आबद्ध भएका छात्राहरूको चिठीलेखन क्षमतामा संस्थागत रूपले पृथकता पाउन सकिन्छ ।

६५ भन्दा माथि र ८० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका सरकारी विद्यालयतर्फका छात्राहरूको संख्या र निजी विद्यालयका छात्राहरूको संख्या बराबर १२/१२ प्रतिशत देखिनुले सरकारी र निजी विद्यालयका छात्राहरूको क्षमता समान रूपमा प्रतिनिधित्व हुनुले यस श्रेणीमा परेका छात्राहरूको चिठीलेखन क्षमतामा संस्थागत रूपले पृथकता पाउन सकिंदैन । ५० प्रतिशतदेखि माथि ८० प्रतिशतभन्दा तल चिठीलेखन क्षमता भएका छात्राहरूको संख्या ५६ प्रतिशत देखिनुले छात्राहरूको चिठीलेखन क्षमताको स्थितिलाई सकारात्मक ठान्न सकिन्छ ।

८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका छात्राहरूको संख्या ८ प्रतिशत रहेको छ । जसमा सरकारी विद्यालयतर्फका २ र निजी विद्यालयतर्फका ६ प्रतिशत क्षमता भएका छात्राहरूको संख्या ८ प्रतिशत रहेको छ । जसमा सरकारी विद्यालयतर्फका २ र निजी विद्यालयतर्फका ६ प्रतिशत छात्राहरूको प्रतिनिधित्व रहेको छ । यसरी हेर्दा यो विशिष्ट श्रेणीमा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयमा तथ्य स्पष्ट भएको छ । यस तथ्यलाई तलको रेखाचित्रले प्रस्ट पार्दछ ।

रेखाचित्र नं ६

छात्रा विद्यार्थीहरूको चिठीलेखन क्षमताको उपलब्धि



## ४.७ छात्र विद्यार्थीहरूको चिठीलेखन क्षमता विवरण

**तालिका नं ७**

| कुल छात्रा संख्या सरकारी + निजी | प्रतिशताङ स्थिति | विद्यालयको प्रकृति | संख्या | प्रतिशत | जम्मा संख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| (२५+२५) = ५० | ३५ प्रतिशतभन्दा कम अंक ल्याउन | सरकारी | ५ | १० | ५ | १० |
| | | निजी | – | | | |
| | ३५ भन्दा माथि र ५० भन्दा तल अंक ल्याउने | सरकारी | ६ | १२ | १० | २० |
| | | निजी | ४ | ८ | – | – |
| | ५० भन्दा माथि र ६५ प्रतिशतभन्दा तल | सरकारी | ७ | १४ | १३ | २६ |
| | | निजी | ६ | १२ | | |
| | ६५ भन्दा माथि र ८० भन्दा तल | सरकारी | ७ | १४ | १९ | ३८ |
| | | निजी | १२ | २४ | | |
| | ८० र ८० भन्दा बढी अंक ल्याउन | सरकारी | – | – | ३ | ६ |
| | | निजी | ३ | ६ | | |
| | | | | | ५० | १०० |


**छात्र विद्यार्थीहरूको चिठीलेखन क्षमता प्रतिशत**

उपर्युक्त तालिकामा ५० जना छात्रहरूलाई प्रतिनिधि नमुना जनसंख्याका रूपमा छनौट गरी उनीहरूको क्षमतालाई पाँच प्रतिशताङ्क श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । ३५ प्रतिशतभन्दा कम प्रतिशताङ्क चिठीलेखन क्षमता भएका छात्रहरूको संख्या १० प्रतिशत रहेको छ जसमा निजी विद्यालयका छात्रहरूको संख्या शून्य देखिन्छ । यस अर्थमा ३५ प्रतिशतभन्दा कम चिठीलेखन क्षमता भएका छात्रहरू निजी विद्यालयका नभई सरकारी विद्यालयबा छात्रहरू भएकोले निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका छात्रहरू कमजोर रहेको स्पष्ट हुन्छ ।

५० प्रतिशतदेखि माथि र ८० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने छात्रहरूको संख्या ६४ प्रतिशतमा सरकारी विद्यालयतर्फको छात्रहरूको संख्या २८ प्रतिशत र निजी विद्यालयतर्फको छात्र संख्या ३६ प्रतिशत देखिनुले सरकारी विद्यालयका छात्रहरूको तुलनामा चिठीलेखन क्षमता भएका छात्रहरूको अवस्था, निजी विद्यालयका छात्रहरूको सन्तोषप्रद देखिन्छ । यसैगरी ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता मापन गराउन सफल छात्रहरूको संख्या ६ प्रतिशत मात्र देखिन्छ । यस श्रेणीमा सबै छात्रहरू निजी विद्यालयतर्फका देखिनुले सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा अध्ययनरत छात्रहरू चिठीलेखन क्षमतामा माथि रहेको तथ्य प्रमाणित हुन्छ । यस तथ्यलाई तलको रेखाचित्रले पुष्टि गरेको छ ।

**रेखाचित्र नं ७**

**छात्र विद्यार्थीहरूको चिठीलेखन क्षमताको उपलब्धि**




**४.८ सारांश:**

यस अध्ययनमा सम्पूर्ण समूहका विद्यार्थीहरूको चिठीलेखन क्षमताको प्रतिशत गणना गर्दा ५० प्रतिशतभन्दा माथि ६७ प्रतिशत विद्यार्थीहरू चिठीलेखन क्षमतामा सक्षम देखिन्छन् । ६५ प्रतिशतभन्दा माथि २८ प्रतिशत र ६५ प्रतिशतभन्दा तल ७२ प्रतिशत विद्यार्थीहरूले अंक ल्याएको देखिनुले सरकारी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता सन्तोषजनक देखिंदैन । निजी विद्यालयतर्फ ६५ प्रतिशतभन्दा माथि ४८ प्रतिशत र सोभन्दा तल ५२ प्रतिशत तर ६५ प्रतिशतभन्दा कम अंक ल्याउने विद्यार्थीको संख्या शून्य प्रतिशत देखिनुले

निजी विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूमा ५० प्रतिशतभन्दा माथि ७५ प्रतिशत र सोभन्दा तल २६ प्रतिशतले मात्र क्षमता मापन गराएकाले नेपाली मातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च रहेको पाइन्छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमताको गणना गर्दा ५० प्रतिशतभन्दा माथि अंक ल्याउन सफल विद्यार्थीको संख्या ५८ प्रतिशत रहेकाले सन्तोषप्रद देखिन्छ । छात्रहरूको भन्दा छात्राहरूको चिठीलेखन क्षमता ८० प्रतिशतभन्दा माथि अंक ल्याउने २ प्रतिशतले बढी भए पनि उच्च देखिएको छ । छात्र समूहको मात्र गणना गर्दा अधिकांश विद्यार्थीहरू अर्थात् ७० प्रतिशतले ५० प्रतिशतभन्दा बढी ल्याएको देखिनुले छात्र विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च रहेको प्रमाणित हुन्छ । सरकारी र जिनी समूहका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलनात्मक गणना गर्दा सरकारी समूहका विद्यार्थीहरूले ल्याएको ५० प्रतिशतभन्दा माथिको अंक निजी समूहका विद्यार्थीको १४ प्रतिशत बढी हुनुले निजी विद्यालयकै छात्रहरू सक्षम देखिन्छन् ।

समग्रमा निम्न माध्यमिक तहमा अध्ययनरत छात्र छात्राहरूको लेखाइ अभिव्यक्ति क्षमता सन्तोषजनक भएको देखिन्छ । चिठीलेखनसम्बन्धी समसामयिक विषयवस्तुहरूमा समग्र विद्यार्थीहरूको अवस्था अध्ययन गर्दा विषयवस्तुको ज्ञान, विषयवस्तुको प्रस्तुतीकरण, चिठीको सामान्य ढाँचा, शैली शिल्पमा सक्षम देखिए पनि भाषिक शुद्धतामा केही कमजोर देखिन्छ । प्रस्तुत अनुसन्धान अध्ययनले के देखाउँछ भने निम्नमाध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरू चिठीलेखनमा उत्साहित रहेको पाइन्छ । सरकारी विद्यालयहरूमा योजनाबद्ध शिक्षण सिकाइ सान्दर्भिक हुन नसक्नु तथा निजी विद्यालयहरूमा बढी मात्रामा लेखन अभ्यास सुगा रटाइमा शिक्षण सिकाइलाई सीमित गरिनुले विद्यार्थीहरूको स्वतन्त्र अभिव्यक्ति क्षमतामा आंशिक असर पुऱ्याएको छ । यसर्थ विद्यार्थीहरूमा स्वतन्त्र अभिव्यक्ति क्षमता विकास गर्दै लेखाइ सीपमा सक्षम बनाउन चिठी शिक्षण तथा लेखनलाई व्यवस्थित गरिनु अनिवार्य छ ।

# परिच्छेद पाँच

## निवेदनलेखनको व्याख्या र विश्लेषण

यस अध्ययनबाट कक्षा सात पूरा गरेका विद्यार्थीहरूको निवेदनलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । शोधकर्ताद्वारा परिचछेद तीनमा उल्लेख गरिएको अध्ययन विधिअनुसार यहाँ उदयपुर जिल्लाभित्रका १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि आवश्यक तथ्य संकलन गरिएको छ ।

उपर्युक्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गरियो । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन यहाँ प्रतिशत गणनालाई तथ्यांक शास्त्रीय माध्यमका रूपमा अगाडि सारिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएको विधिको विश्लेषित स्वरूप निम्नानुसार उल्लेख गरिएको छ ।

### ५.१ समग्र विद्यार्थीहरूको निवेदनलेखन क्षमता विवरण

**तालिका नं ८**

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा कम | | ५० देखि ६५ प्रतिशतभन्दा कम | | ६५ देखि ८० प्रतिशतभन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १०० | ११ | ११ | १२ | १२ | २७ | २७ | ३४ | ३४ | १६ | १६ |


**समग्र विद्यार्थीहरूको निवेदनलेखन क्षमता प्रतिशत**

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको निवेदनलेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसंख्याका रूपमा छनौट गरिएका कुल संख्या १०० जनालाई उनीहरूले प्राप्त गरेका प्रतिशतका आधारमा जम्मा पाँच श्रेणीमा निर्धारण गरिएको छ । जसअनुसार ३५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ११ प्रतिशत रहेको छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल निवेदन क्षमता भएका विद्यार्थीहरूको संख्या १२ प्रतिशत रहेको छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २७ प्रतिशत रहेको छ । ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३४ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा विशिष्ट श्रेणीका रूपमा मापन गरिएको ८० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १६ प्रतिशत रहेको छ ।

निम्नतम श्रेणीका रूपमा मापन गरिएको ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क गर्ने विद्यार्थीको संख्या ११ प्रतिशत र उच्चतम प्राप्ताङ्क ल्याउने विद्यार्थीको संख्या १६ प्रतिशत न्यूनतम प्रतिशतभन्दा बढी नै देखिनुले विद्यार्थीको निवेदनलेखन क्षमता सन्तोषप्रद देखिन्छ । तालिकामा उल्लेख भएअनुसार ५० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या २३ प्रतिशत र ५० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या ७७ प्रतिशत देखिनुले समग्रतामा विद्यार्थीहरूको निवेदनलेखन क्षमता उच्च रहेको पुष्टि गर्दछ । यस तथ्यलाई तलको रेखाचित्रले पनि प्रमाणित गर्दछ ।

### रेखाचित्र नं ८

### समग्र विद्यार्थीहरूको निवेदनलेखन क्षमताको उपलब्धि




## ५.२ सरकारी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमता विवरण

### तालिका नं ९

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा कम | | ५० देखि ६५ प्रतिशतभन्दा कम | | ६५ देखि ८० प्रतिशतभन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | ११ | २२ | ७ | १४ | १३ | २६ | १५ | ३० | ४ | ८ |

**सरकारी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमता प्रतिशत**


प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी निवेदनलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न सरकारी ५ विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसंख्याको रूपमा

५० जना विद्यार्थीहरूलाई छनौट गरिएको छ । यस अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएका ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २२ प्रतिशत देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल अंक ल्याउने विद्यार्थीहरूको संख्या १४ प्रतिशत देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २६ प्रतिशत रहेको छ । त्यसैगरी ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३० प्रतिशत उल्लेख छ । प्रस्तुत अध्ययनमा विशिष्ट श्रेणी मापन गरिएको ८० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरू ८ प्रतिशत मात्र रहेको देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निवेदनलेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

५० प्रतिशतलाई आधार मानेर समग्रमा ५० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३६ प्रतिशत रहेको र ५० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ६४ प्रतिशत देखिनुले सरकारी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमता समग्रमा सन्तोषप्रद रहेको मान्न सकिन्छ । तर विशिष्ट श्रेणी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या ८ प्रतिशतमात्र र ३५ प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या २२ प्रतिशत देखिनुले निवेदनलेखनको सामान्य ढाँचा, भाषिक शुद्धता, विषयवस्तुको गाम्भीर्य र शैली शिल्पसँग आंशिक विद्यार्थीहरू परिचित नरहेको तथ्यांकले स्पष्ट पारेको छ । यस तथ्यलाई तलको रेखाचित्रले पुष्टि गरेको छ ।

### रेखाचित्र नं ९

### सरकारी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको उपलब्धि




## ५.३ निजी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको विवरण

### तालिका नं १०

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने | | ३५ देखि ५० प्रतिशतभन्दा तल | | ५० देखि ६५ प्रतिशतभन्दा तल | | ६५ देखि ८० प्रतिशतभन्दा तल | | ८० र ८० देखि माथि अंक ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | - | - | ५ | १० | १४ | २८ | १९ | ३८ | १२ | २४ |

निजी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको प्रतिशत

उपर्युक्त तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी निवेदनलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी ५ विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसंख्याका रूपमा ५० जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । प्रस्तुत अध्ययनमा ३५ प्रतिशतभन्दा कम निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या शून्य प्रतिशत रहेको छ। ३५ भन्दा माथि


५० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १० प्रतिशत देखिन्छ । ५० भन्दा माथि र ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २८ प्रतिशत उल्लेख गरेको देखिन्छ । ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३८ प्रतिशत रहेको छ । त्यसैगरी ८० र ८० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २४ प्रतिशत देखिनुले निवेदनलेखनमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरू सक्षम देखिन्छन् ।

६२ प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूलाई उच्चतम श्रेणी वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा समग्रमा निजी विद्यालयका ५२ प्रतिशत विद्यार्थीहरू निवेदनलेखन क्षमतामा सक्षम रहेको तथ्य प्रस्टिन्छ ।

यसरी निजी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमता ३५ प्रतिशतभन्दा तल शून्य हुनु र विशिष्ट श्रेणी (८० प्रतिशत)भन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको संख्या २४ प्रतिशत हुनुमा निजी विद्यालयमा विद्यार्थीहरूको चाप कम हुनु, अभ्यास बढी गराइनु, परिवार आर्थिक रूपले सक्षम र सचेत हुनु, विद्यार्थीहरू भौतिक सुविधाले सरकारी विद्यालयभन्दा सम्पन्न हुनु जस्ता कारणहरू महत्वपूर्ण मानिन्छन् । निजी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमता उच्च रहेको तथ्यलाई रेखाचित्रले पनि छर्लङ्ग पारेको छ ।

**रेखाचित्र नं १०**

**सरकारी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको**



## ५.४ नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमता विवरण

**तालिका नं ११**

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा तल | | ५० देखि ६५ प्रतिशतभन्दा तल | | ६५ देखि ८० प्रतिशतभन्दा तल | | ८० र ८० देखि माथि अंक ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | ४ | ८ | ५ | १० | १३ | २६ | २० | ४० | ८ | १६ |


**नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमता प्रतिशत**

उपर्युक्त तालिकामा नेपाली मातृभाषी ५० जना विद्यार्थीहरूमध्ये ८ प्रतिशत विद्यार्थीहरू ३५ प्रतिशतभन्दा कम निवेदनलेखन क्षमत हुने श्रेणीमा परेको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १० प्रतिशत उल्लेख गरिएको छ । ५० प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २६ प्रतिशत रहेको देखिन्छ । ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूमा कुल विद्यार्थीको ४० प्रतिशत विद्यार्थीहरू देखिन्छन् । विशिष्ट श्रेणी निर्धारण गरिएको ८० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १६ प्रतिशत रहेको हुँदा ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तलको संख्यालाई ४० प्रतिशत समेतलाई गणना गर्दा कुल विद्यार्थी संख्याको ५६ प्रतिशत मातृभाषी विद्यार्थीहरू निवेदनलेखन क्षमतामा सक्षम देखिन्छन् ।

समग्र विद्यार्थीहरूको संख्यामा ५० प्रतिशतभन्दा तल अंक ल्याउने विद्यार्थीहरूको संख्या १८ प्रतिशत देखिनुले मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमतामा एक रूपता आउन नसकेको तथ्यलाई प्रमाणित गर्दछ । यसलाई तलको रेखाचित्रले पुष्ट्याइँ गर्दछ ।

रेखाचित्र नं ११

**नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमताको उपलब्धि**




## ५.५ नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमता विवरण

तालिका नं १२

| कुल संख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ देखि ५० प्रतिशतभन्दा तल | | ५० देखि ६५ प्रतिशतभन्दा तल | | ६५ देखि ८० प्रतिशतभन्दा तल | | ८० र ८० देखि माथि अंक ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५० | ७ | १४ | ७ | १४ | १४ | २८ | १४ | २८ | ८ | १६ |

**नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमता प्रतिशत**


यस तालिकाअनुसार निवेदनलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न पाँच समूह निर्धारण गरी नेपाली विमातृभाषी विद्यार्थीहरूबाट नमुना प्रतिनिधि क्रमसंख्याको रूपमा ५०

जना विद्यार्थीहरूलाई छनौट गरेको देखिन्छ । यहाँ ३५ प्रतिशतभन्दा कम निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १४ प्रतिशत, ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या पनि १४ प्रतिशत नै रहेको छ । ५० प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २८ प्रतिशत रहेको देखिन्छ । ६५ प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या २८ प्रतिशत नै देखिन्छ । यसैगरी यस अध्ययनमा विशिष्ट श्रेणी मापन गरिएको ८० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या १६ प्रतिशत देखिन्छ ।

५० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा अत्यन्त सन्तोषप्रद नतिजा पाउन सकिन्छ । समग्र प्रतिशतमा ६५ प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता अंकन गर्न सफल विद्यार्थीहरूको संख्या ४४ प्रतिशत देखिनुले नेपाली विमातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमता सन्तोषजनक छर्लङ्गिएको छ । यस तथ्यलाई तलको रेखाचित्रले स्पष्ट पारेको छ ।

**रेखाचित्र नं १२**

**नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमताको उपलब्धि**



## ५.६ छात्रा विद्यार्थीहरूको निवेदनलेखन क्षमता विवरण

### तालिका नं १३

| कुल छात्रा संख्या सरकारी + निजी | प्रतिशताङ स्थिति | विद्यालयको प्रकृति | संख्या | प्रतिशत | जम्मा संख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| (२५+२५) = ५० | ३५ प्रतिशतभन्दा कम | सरकारी | ५ | १० | ५ | १० |
| | | निजी | – | – | | |
| | ३५ भन्दा माथि र ५० भन्दा तल | सरकारी | ४ | ८ | ७ | १४ |
| | | निजी | ३ | ६ | | |
| | ५० भन्दा माथि र ६५ प्रतिशतभन्दा तल | सरकारी | ४ | ८ | १३ | २६ |
| | | निजी | १० | २० | | |
| | ६५ भन्दा माथि र ८० भन्दा तल | सरकारी | १० | २० | १९ | ३८ |
| | | निजी | ९ | १८ | | |
| | ८० र ८० भन्दा बढी अंक ल्याउन | सरकारी | २ | ४ | ६ | १२ |
| | | निजी | ४ | ८ | | |
| | | | | | ५० | १०० |

**छात्रा विद्यार्थीहरूको निवेदनलेखन क्षमता प्रतिशत**


उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूमध्येबाट छात्रा विद्यार्थीहरूको निवेदनलेखन क्षमता पहिचान गर्न पाँच श्रेणी निर्धारण गरी प्रतिनिधि नमुना जनसंख्याका

रूपमा ५० जना छात्राहरूलाई चयन गरिएको छ, जसमा सरकारी विद्यालयबाट २५ जना र निजी विद्यालयबाट २५ जना छात्राहरूको प्रतिनिधित्व गराइएको छ । प्रस्तुत अध्ययनमा क्षमता मापनको निर्धारण गरिएका प्रतिशताङ्क मापनका आधारहरूमध्ये ३५ प्रतिशतभन्दा कम निवेदनलेखन क्षमता भएका छात्राहरूको संख्या १० प्रतिशत रहेको छ । जसमा निजी विद्यालयका छात्राहरूले प्राप्त गरेको निवेदनलेखन क्षमता ३५ प्रतिशतभन्दा कम नरहेको स्पष्ट देख्न सकिन्छ । ३५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम निवेदनलेखन क्ष्मता भएका छात्राहरूको संख्या १४ प्रतिशत रहेको छ, जसमा सरकारी विद्यालयतर्फ ८ प्रतिशत र निजी विद्यालयतर्फको ६ प्रतिशत छात्राहरूको प्रतिनिधित्व देखिन्छ । ५० प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूमध्ये सरकारी विद्यालयका छात्राहरूको संख्या ८ प्रीतशत र निजी विद्यालयतर्फका छात्राहरूको संख्या १८ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ६५ प्रतिशतभन्दा माथि ८० प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३८ प्रतिशत देखिन्छ । यसमा सरकारी विद्यालयतर्फका छात्राहरूको संख्या १८ प्रतिशत देखिनुले सरकारी विद्यालयका छात्राहरू र निजी विद्यालयका छात्राहरूको निवेदनलेखन क्षमता झण्डै उस्तै नै देखिन्छ ।

८० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका १२ प्रतिशत छात्राहरूमध्ये सरकारी विद्यालयका छात्रा संख्या ४ प्रतिशत मात्र र निजी विद्यालयतर्फका छात्रा संख्या ८ प्रतिशत देखिनुले सरकारी विद्यालयका छात्राहरूको भन्दा निजी विद्यालयका छात्राहरूको निवेदनलेखन क्षमता उच्च रहेको देखिन्छ । यसरी समग्र छात्रासमूहको निवेदनलेखन क्षमतालाई ५० प्रतिशतभन्दा माथि अंक प्राप्त गर्ने सन्तोषजनक समूहभन्दा कुल ७६ प्रतिशत छात्राहरू यस समूहभित्र पर्दछन्, जसमध्ये ३२ प्रतिशत छात्राहरूले सरकारी विद्यालयबाट प्रतिनिधित्व गरेका छन् भने ४४ प्रतिशत छात्राहरूले निजी विद्यालयबाट प्रतिनिधित्व भएको छ । यसरी सरकारी विद्यालयका छात्राहरूभन्दा निजी विद्यालयका छात्राहरू निवेदनलेखन क्षमतामा सक्षम देखिन्छन्, जसलाई तलको रेखाचित्रले पुष्ट्याइँ गर्दछ ।

## रेखाचित्र नं १३

## छात्रा विद्यार्थीहरूको निवेदनलेखन क्षमताको उपलब्धि



## ५.७ छात्र विद्यार्थीहरूको निवेदनलेखन क्षमता विवरण

### तालिका नं १४

| कुल छात्रा संख्या सरकारी + निजी | प्रतिशताङ स्थिति | विद्यालयको प्रकृति | संख्या | प्रतिशत | जम्मा संख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| (२५+२५) = ५० | ३५ प्रतिशतभन्दा कम | सरकारी | ६ | १२ | ६ | १२ |
| | | निजी | – | – | | |
| | ३५ भन्दा माथि र ५० भन्दा तल | सरकारी | ३ | ६ | ५ | १० |
| | | निजी | २ | ४ | | |
| | ५० भन्दा माथि र ६५ प्रतिशत भन्दा तल | सरकारी | ९ | १८ | १४ | २८ |
| | | निजी | ५ | १० | | |
| | ६५ भन्दा माथि र ८० भन्दा तल | सरकारी | ५ | १० | १५ | ३० |
| | | निजी | १० | २० | | |
| | ८० र ८० भन्दा बढी अंक ल्याउन | सरकारी | २ | ४ | १० | २० |
| | | निजी | ८ | १६ | | |
| | | | | | | |


**छात्र विद्यार्थीहरूको निवेदनलेखन क्षमता प्रतिशत**

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूमध्येबाट छात्र विद्यार्थीहरूको निवेदनलेखन क्षमता पहिचान गर्न पाँच श्रेणी निर्धारण गरी प्रतिनिधि नमुना जनसंख्याका रूपमा ५० जना छात्रहरूलाई छनौट गरिएको छ, जसमध्ये सरकारी विद्यालयबाट २५ जना र निजी विद्यालयबाट २५ जना छात्रहरूको प्रतिनिधित्व गराइएको छ । प्रस्तुत अध्ययनमा क्षमता मापनको निर्धारण गरिएका प्रतिशताङ्क मापनका आधारहरूमध्ये ३५ प्रतिशतभन्दा कम निवेदनलेखन क्षमता गएका छात्रहरूको संख्या १२ प्रतिशत देखिन्छ, जसमा सरकारी विद्यालयतर्फ मात्र १२ प्रतिशत विद्यार्थीहरूको प्रतिनिधित्व रहेको देखिन्छ भने निजी विद्यालयतर्फका छात्रहरूको प्रतिनिधित्वि शून्य रहेको छ । यस कुराले निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका छात्रहरू कमजोर रहेको देखाउँछ ।

३५ प्रतिशतभन्दा माथि ५० प्रतिशतभन्दा तल आफ्नो निवेदनलेखन क्षमतालाई मापन गराउन सफल छात्रहरूको संख्या १० प्रतिशत रहेको छ । त्यस्तै ५० प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका छात्रहरूको संख्या २८ प्रतिशत रहेको देखिन्छ । यसरी ३५ प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निवेदनलेखन क्षमता भएका छात्रहरूको संख्या ३८ प्रतिशत भएकोमा सरकारी विद्यालयका छात्रहरूको संख्या २४ प्रतिशत र निजी विद्यालयतर्फका छात्रहरूको संख्या १४ प्रतिशत देखिनुले सामान्य क्षमतामा सरकारी विद्यालयका छात्रहरू देखिन्छन् । त्यसैगरी ६५ प्रतिशतभन्दा माथि देखि विशिष्ट श्रेणी निर्धारण गरिएको ८० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका छात्रहरूको संख्या ५० प्रतिशत भएकोमा सरकारी विद्यालयका छात्रहरूको संख्या १४ प्रतिशत र निजी विद्यालयका छात्रहरूको संख्या ३६ प्रतिशत भएको देखिन्छ । यसरी झण्डै सरकारी विद्यालयको छात्रहरूको संख्याको तुलनामा एक-तिहाइ जति निजी विद्यालयका छात्रहरू बढी अंक ल्याउन सक्षम देखिनुले सरकारी विद्यालयका छात्रहरूभन्दा निजी विद्यालयका छात्रहरू निवेदनलेखन क्षमतामा धेरै अगाडि छन् भन्ने तथ्य झल्किन्छ । यस तथ्यलाई तलको रेखाचित्रले पनि पुष्टि गरेको छ ।

**रेखाचित्र नं १४**

**छात्र विद्यार्थीहरूको निवेदनलेखन क्षमताको उपलब्धि**



## ५.८ सारांश

अध्ययनमा ५० जना सरकारी विद्यालयतर्फ र ५० जना निजी विद्यालयतर्फ गरी जम्मा १०० जना छात्र-छात्राहरूको प्रतिशताङ्क स्थितिका आधारमा निवेदनलेखन क्षमतासम्बन्धी विश्लेषण गरियो । विश्लेषणका क्रममा पाँच श्रेणी निर्धारण गरिएको प्रतिशताङ्क श्रेणीअन्तर्गत बहुसंख्यक विद्यार्थीहरू ६५ प्रतिशतदेखि ८० प्रतिशतभन्दा माथिसम्म निवेदनलेखन क्षमता भएका पाइन्छन् । यसरी ५० प्रतिशत विद्यार्थीहरूको प्राप्ताङ्क ६५ भन्दा माथि भएबाट निम्न माध्यमिक तहमा अध्ययन, अध्यापन गराइने निवेदनलेखनका प्रक्रियागत ढाँचाहरूमा विद्यार्थीहरू स्पष्ट भएको देखिन्छ । सामान्य ढाँचा, विषयवस्तु, भाषिक शुद्धता र शैली, शिल्प निवेदनलेखनका केन्द्रीय पक्ष हुन् यसतर्फ विद्यार्थीहरूमा निवेदनलेखनको अभ्यास भइरहेको कारण उनीहरूमा सामान्य ज्ञान भएको प्रस्तुत अध्ययनले देखाएको छ ।

प्रस्तुत अनुसन्धान अध्ययनमा निवेदनलेखनका उत्तरपुस्तिकाहरूलाई अंकन गर्दा सामान्य ढाँचा, विषयवस्तुको संयोजन, भाषिक शुद्धता र शैलीशिल्पजस्ता  आधारहरू अवलम्बन गरिएको छ । यिनै आधारहरूलाई पृथक-पृथक रूपमा दृष्टिगत गर्दा सरकारी विद्यालयका विद्यार्थीहरूभन्दा निजी विद्यालय समूहका विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण र भाषिक शुद्धता उच्च रहेको तथ्यांकले देखाउँछ । यसरी निजी विद्यालयभन्दा सरकारी विद्यालय समूहका छात्र छात्राहरूको नेपाली भाषामा लिखित अभिव्यक्ति क्षमता कमजोर हुनुका पछाडि सरकारी विद्यालयहरूमा अव्यवस्थित शिक्षण, अभ्यासको कमी, विद्यार्थीसंख्याको अत्यधिक भार, अभिभावकहरूले छोराछोरीको पढाइप्रति ध्यान दिन नसक्नु जस्ता कारणहरू कारक तत्वका रूपमा लिन सकिन्छ । त्यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरू भाषिक शुद्धता र विषयवस्तुको ज्ञानमा सक्षम देखिए पनि विषयवस्तुको संयोजन अर्थात् शैली शिल्पमा भने मध्यम देखिन्छन् । नेपाली विमातृभाषी विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान, सामान्य ढाँचा र शैली शिल्पको क्षमतामा सक्षम देखिएपनि भाषिक शुद्धतामा केही कमजोर देखिन्छन् । यसरी नेपाली विमातृभाषी विद्यार्थीहरू भाषिक शुद्धतामा केही कमजोर देखिनुले पहिलो भाषाको असर दोस्रो भाषामा पर्दछ भन्ने सिद्धान्त यहाँ सान्दर्भिक देखिन्छ । छात्र समूहका विद्यार्थीहरूमा भएका विषयगत ज्ञान, शैली शिल्प, भाषिक शुद्धता र निवेदनको सामान्य ढाँचाको ज्ञान छात्रा समूहका विद्यार्थीहरूमा पनि समान रूपमा देखिन्छ । ३५ प्रतिशतभन्दा तल अंक प्राप्त गर्ने दुवै समूहको प्रतिशत हेर्दा

छात्रहरूको तुलनामा छात्राहरू पढाइ एवम् लेखाइप्रति आंशिक रूपमा भए पनि संवेदनशील तथा गम्भीर हुन्छन् भन्ने कुरा यस अनुसन्धान अध्ययनले देखाएको छ ।

समग्रमा निम्न माध्यमिक तहमा अध्ययनरत छात्रछात्राहरूको लेखाइ अभिव्यक्ति क्षमता सन्तोषजनक भएको देखिन्छ । निवेदनलेखनसम्बन्धी समसामयिक विषयहरूमा समग्र विद्यार्थीहरूको अवस्था अध्ययनगर्दा विषयवस्तु सामान्य ढाँचा र शैली शिल्पमा सक्षम देखिए पनि भाषिक शुद्धतामा केही अनभिज्ञ रहेको देखिन्छ । विद्यार्थीहरूमा यस्तो अवस्था देखिनुमा शिक्षण सिकाइ क्रियाकलापको सचेत रूपमा उपयोग गर्न नसक्नु हो । सरकारी विद्यालयहरूमा अध्ययनगर्ने विद्यार्थीहरूको निवेदनलेखन क्षमता निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको क्षमताभन्दा कमजोर देखिनुमा सरकारी विद्यालयमा विद्यार्थीहरूको चाप अत्यधिक हुनु, भौतिक व्यवस्थापन कमजोर हुनु, आर्थिक स्रोतको कमी हुनु, राजनैतिक प्रभाव पर्नु, विद्यार्थीका अभिभावकहरू सचेत नहुनु आदि कारणहरू जिम्मेवार छन् । यसर्थ विद्यार्थीहरूमा लिखित अभिव्यक्ति क्षमताको विकास गर्दै निवेदनलेखन क्षमताको विकास गर्न निवेदन शिक्षणलाई अझै व्यवस्थित र उपयोगी बनाउँदै लैजानुपर्दछ ।

# परिच्छेद - ६

## ६.१ विभिन्न समूहहरूमा चिठी तथा निवेदनलेखन क्षमताको तुलनात्मक स्थिति

यस अध्ययनमा कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । परिच्छेद चार र पाँचमा प्रस्तुत गरिएको व्याख्या विश्लेषणलाई आधार मानेर यहाँ शोधकर्ताद्वारा शोधनिर्देशकको तुलनात्मक विश्लेषण गरिएको छ । विभिन्न समूह, वर्गबाट लिइएको तथ्याङ्कका आधारमा सोही समूहहरूबीच चिठी तथा निवेदनलेखन क्षमतामा के कति अन्तर छ भन्नेतर्फ तुलनात्मक अध्ययन केन्द्रित रहेको छ ।

यहाँ तुलनात्मक विश्लेषण गर्ने क्रममा चिठी र निवेदनलेखन दुवैको सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी र निवेदनलेखन क्षमताको तुलना, नेपाली मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूका चिठी र निवेदनलेखन क्षमताको तुलना र लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको चिठी र निवेदनलेखन क्षमताको तुलना गरिएको छ । यसैगरी अन्तमा समग्र विद्यार्थीहरूको चिठी र निवेदनलेखन क्षमताबीचको तुलना पनि गरिएको छ ।

### ६.१.१ सरकारी र निजी दुवै किसिमका विद्यालयका विद्यार्थीहरूको चिठी र निवेदनलेखन क्षमताको तुलना

**तालिका नं १५**

<table>
<tr><th rowspan="2">कुल विद्यार्थी सङ्ख्या</th><th rowspan="2">प्रतिशताङ्क स्थिति</th><th rowspan="2">विद्यालयको प्रकृति</th><th colspan="2">सङ्ख्या</th><th colspan="2">प्रतिशत</th><th colspan="2">जम्मा सङ्ख्या</th><th colspan="2">जम्मा प्रतिशत</th></tr>
<tr><th>चिठी</th><th>निवेदन</th><th>चिठी</th><th>निवेदन</th><th>चिठी</th><th>निवेदन</th><th>चिठी</th><th>निवेदन</th></tr>
<tr><td rowspan="10">सरकारी+ निजी ( ५०+५०) = १००</td><td rowspan="2">३५% भन्दा कम</td><td>सरकारी</td><td>१०</td><td>११</td><td>१०</td><td>११</td><td rowspan="2">१०</td><td rowspan="2">११</td><td rowspan="2">१०</td><td rowspan="2">११</td></tr>
<tr><td>निजी</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td rowspan="2">३५% भन्दा माथि ५०%भन्दा तल</td><td>सरकारी</td><td>१३</td><td>७</td><td>१३</td><td>७</td><td rowspan="2">२३</td><td rowspan="2">१२</td><td rowspan="2">२३</td><td rowspan="2">१२</td></tr>
<tr><td>निजी</td><td>१०</td><td>५</td><td>१०</td><td>५</td></tr>
<tr><td rowspan="2">५०% भन्दा माथि ६५%भन्दा तल</td><td>सरकारी</td><td>१३</td><td>१३</td><td>१३</td><td>१३</td><td rowspan="2">२९</td><td rowspan="2">२७</td><td rowspan="2">२९</td><td rowspan="2">२७</td></tr>
<tr><td>निजी</td><td>१६</td><td>१४</td><td>१६</td><td>१४</td></tr>
<tr><td rowspan="2">६५% भन्दा माथि ८०%भन्दा तल</td><td>सरकारी</td><td>१३</td><td>१५</td><td>१३</td><td>१५</td><td rowspan="2">३१</td><td rowspan="2">३४</td><td rowspan="2">३१</td><td rowspan="2">३४</td></tr>
<tr><td>निजी</td><td>१८</td><td>१९</td><td>१८</td><td>१९</td></tr>
<tr><td rowspan="2">८०% भन्दा माथि</td><td>सरकारी</td><td>१</td><td>४</td><td>१</td><td>४</td><td rowspan="2">७</td><td rowspan="2">१६</td><td rowspan="2">७</td><td rowspan="2">१६</td></tr>
<tr><td>निजी</td><td>६</td><td>१२</td><td>६</td><td>१२</td></tr>
</table>

उपर्युक्त तालिकाअनुसार सरकारी र निजी दुवै विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलनात्मक अध्ययनगर्न पाँच श्रेणी निर्धारण गरिएको छ । यहाँ ६५ प्रतिशतभन्दा तल र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई सरकारी र निजीको बीचमा तुलना गरिएको छ । जसअनुसार ६५ प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने सरकारी विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३६ प्रतिशत रहेको छ भने निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ प्रतिशत देखिन्छ । त्यसैगरी ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ प्रतिशत रहेको छ भने निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ प्रतिशत रहेको देखिन्छ । यसबाट सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूभन्दा निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको चिठीलेखन क्षमता धेरै सन्तोषजनक रहेको अध्ययनले प्रमाणित गरको छ ।

सरकारी विद्यालयमा अध्ययन गर्ने र निजी विद्यालयमा अध्ययनगर्ने विद्यार्थीहरूको निवेदनलेखन क्षमताको तुलनात्मक अध्ययन गर्न पनि उपर्युक्त तालिकामा नै पाँच श्रेणीमा निर्धारण गरिएको छ, जसलाई सजिलैसँग क्षमता पहिचान गर्न सकियोस् भनेर ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने गरी दुई समूहमा विभाजन गरिएको छ । यहाँ सरकारी विद्यालयमा अध्ययन गर्ने ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३१ प्रतिशत रहेको छ भने ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ प्रतिशत रहेको देखिन्छ । यसबाट स्वतःसिद्ध हुन्छ कि सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको निवेदनलेखन क्षमतामा एकरूपता छैन । निवेदनलेखनका आधारभूत जानकारी भएका विद्यार्थीको सङ्ख्या जानकारी नभएका विद्यार्थीहरूको तुलनामा १९ प्रतिशत मात्र देखिनुले अत्यन्त न्यून देखिन्छ । त्यसैगरी ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने निवेदनलेखन क्षमता भएका निजी विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ प्रतिशत र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ प्रतिशत रहेको छ । यस तथ्याङ्कले निवेदन लेखन क्षमता सामान्य भएका भन्दा लेखन क्षमता उच्च भएका विद्यार्थीहरूको सङ्ख्या बढी देखिन्छ । ६५ प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने सरकारी विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३१ प्रतिशत र निजी विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ प्रतिशत देखिनुले निवेदनलेखन क्षमता निजी विद्यालयका विद्यार्थीहरूको भन्दा सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको कमजोर देखिन्छ । यस तथ्यलाई ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने

सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या ६५ प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने निजी विद्यालयका विद्यार्थीहरूको सङ्ख्या समान भएबाट पनि पुष्टि हुन्छ ।

यसरी अन्तमा चिठीलेखन र निवेदनलेखनबीचको तुलनात्मक अधययन गर्दा सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूमा ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३६ प्रतिशत र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्नेको सङ्ख्या १४ प्रतिशत देखिन्छ । त्यसरी नै निवेदनलेखनमा ६५ प्रतिशत भन्दा तल ३१ प्रतिशत र ६५ प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६ प्रतिशत देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखनभन्दा निवेदनलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । त्यस्तै निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको चिठीलेखन क्षमतामा ६५ प्रतिशतभन्दा तल २६ प्रतिशत, ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या २४ प्रतिशत देखिन्छ । निवेदनलेखनमा ६५ प्रतिशतभन्दा तल १९ प्रतिशत र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ प्रतिशत देखिनुले निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा चिठीभन्दा निवेदनलेखनमा विद्यार्थीहरू सक्षम रहेको प्रस्ट हुन्छ । यसो हुनुमा विद्यालयहरूमा चिठीभन्दा निवेदनलेखनको अभ्यास बढी गराइएको पुष्टि हुन्छ ।

### ६.१.२ नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमताको तुलना

**तालिका नं १६**

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क स्थिति | सङख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चिठी | | निवेदन | | चिठी | | निवेदन | |
| | | मातृ | विमातृ | मातृ | विमातृ | मातृ | विमातृ | मातृ | विमातृ |
| चिठी ( मातृ+विमातृ) (५०+५०) = १०० निवेदन ( मातृ+विमातृ) (५०+५०) = १०० | ३५% भन्दा तल अङ्क ल्याउने | ३ | ७ | ४ | ७ | ६ | १४ | ८ | १४ |
| | ३५%भन्दा माथि ५०%भन्दा तल अङ्क ल्याउने | १० | १४ | ५ | ७ | २० | २८ | १० | १४ |
| | ५०%भन्दा माथि ६५%भन्दा तल अङ्क ल्याउने | १३ | १६ | १३ | १४ | २६ | ३२ | २६ | २८ |
| | ६५%भन्दा माथि ८०%भन्दा तल अङ्क ल्याउने | १९ | ११ | २० | १४ | ३८ | २२ | ४० | २८ |
| | ८०%भन्दा माथि अङ्क ल्याउने | ५ | २ | ८ | ८ | १० | ४ | १६ | १६ |
| | जम्मा | ५० | ५० | ५० | ५० | १०० | १०० | १०० | १०० |
| | मध्यमान | १० | १० | १० | १० | | | | |
| | मानक विचलन | ६.४० | ५.६१ | ६.५९ | ३.६७ | | | | |
| | गुणाङ्क विचलन (Coffiecent Variance) | ०.६४ | ०.५६ | ०.६६ | ०.३७ | | | | |

नेपाली मातृभाषी र विभातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन दुवैको तुलनात्मक अध्ययनगर्दा चिठीलेखनमा मातृभाषीतर्फको मध्यमान १०, मानक विचलन ६.४० र गुणात्मक विचलन ०.६४ देखिन्छ भने चिठीलेखनकै विभातृभाषीतर्फ मध्यमान १०, मानक विचलन ५.६१ र गुणाङ्क विचलन ०.५६ देखिनुले विमातृभाषी विद्यार्थीहरूको चिठीलेखन मातृभाषी विद्यार्थीहरूको भन्दा स्थिर तथा राम्रो देखिन्छ । यसबाट नेपाली

विमातृभाषी विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीहरू नेपाली भाषाको लेखाइ अभिव्यक्ति क्षमतामा सक्षम हुन्छन् भन्ने मान्यतालाई पुनः सोच्नुपर्ने बनाएको छ ।

निवेदनलेखनमा पनि मातृभाषी र विमातृभाषी विद्यार्थीहरूका वीच तुलना गर्दा मातृभाषी विद्यार्थीहरूको मध्यमान १०, मानक विचलन ६.५९ र गुणाङ्क विचलन ०.६६ र विभातृभाषी विद्यार्थीहरूको मध्यमान १०, मानक विचलन ३.६७ र गुणाङ्क विचलन ०.३७ देखिनुले मातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमताभन्दा विमातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमतामा स्थिरता तथा सन्तोषजनक लेखन पाइन्छ ।

यसरी दुवै चिठी र निवेदनलेखनको वीच तुलनात्मक अध्ययन गर्दा मातृभाषी हुन् वा विमातृभाषी विद्यार्थीहरू हुन् उनीहरूको लेखनक्षमता चिठीलेखनमाभन्दा निवेदनलेखनमा उच्च पाइन्छ ।

## ६.१.३ छात्र तथा छात्राहरूको चिठी तथा निवेदनलेखन क्षमताको तुलना

**तालिका नं १७**

| कुल छात्र छात्रा सङ्ख्या | प्रतिशताङ्क स्थिति | सङ्ख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चिठी | | निवेदन | | चिठी | | निवेदन | |
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| चिठी (छात्र+छात्रा) (५०+५०) = १०० निवेदन (छात्र+छात्रा) (५०+५०) = १०० | ३५% भन्दा तल अङ्क ल्याउने | ५ | ५ | ६ | ५ | १० | १० | १२ | १० |
| | ३५%भन्दा माथि ५०%भन्दा तल अङ्क ल्याउने | १० | १३ | ५ | ७ | २० | २६ | १० | १४ |
| | ५०%भन्दा माथि ६५%भन्दा तल अङ्क ल्याउने | १३ | १६ | १४ | १३ | २६ | ३२ | २८ | २६ |
| | ६५%भन्दा माथि ८०%भन्दा तल अङ्क ल्याउने | १९ | १२ | १५ | १९ | ३८ | २४ | ३० | ३८ |
| | ८०%भन्दा माथि अङ्क ल्याउने | ३ | ४ | १० | ६ | ६ | ८ | २० | १२ |
| | जम्मा | ५० | ५० | ५० | ५० | १०० | १०० | १०० | १०० |
| | मध्यमान | १० | १० | १० | १० | | | | |
| | मानक विचलन | ६.४० | ५.२४ | ४.५३ | ५.९२ | | | | |
| | गुणाङ्क विचलन (Coffiecent Variance) | ०.६४ | ०.५२ | ०.४५ | ०.५९ | | | | |

छात्र तथा छात्राहरूको चिठी तथा निवेदनलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा चिठीलेखनमा छात्रहरूको तथ्याङ्कमा मध्यमान १०, मानक विचलन ६.४०, गुणाङ्क विचलन ०.६४ देखिन्छ भने छात्रातर्फ मध्यमान १०, मानक विचलन ५.२४ र गुणाङ्क विचलन ०.५२ देखिनुले छात्रहरूको भन्दा छात्राहरूको चिठीलेखन क्षमता स्थिर तथा उच्च रहेको छ भन्न सकिन्छ । यसको अर्थ छात्रा समूहभन्दा छात्र समूहका विद्यार्थीहरू केही बढी विचलित भएको पाइन्छ । यसरी लैङ्गिक आधारमा छात्र र छात्राको चिठीलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

निवेदनलेखन क्षमतामा छात्र तथा छात्राहरूको तुलनात्मक अध्ययन गर्दा छात्रहरूको तथ्याङ्कमा मध्यमान १०, मानक विचलन ४.५३ गुणाङ्क विचलन ०.४५ देखिन्छ भने छात्राहरूतर्फ मध्यमान १०, मानक विचलन ५.९२ र गुणाङ्क विचलन ०.५९ देखिनुले छात्राहरूको भन्दा छात्रहरूको निवेदनलेखन स्थिर तथा केही उच्च रहेको पाइन्छ । यसबाट छात्रभन्दा छात्रा समूहका विद्यार्थीहरू केही बढी विचलित भएको पाइन्छ ।

यसरी चिठीमा छात्रभन्दा छात्राको लेखन क्षमता राम्रो देखिन्छ भने निवेदनलेखनमा छात्राको भन्दा छात्रको लेखन क्षमता राम्रो देखिनाले विषयगत भिन्नताले पनि छात्र तथा छात्राको लेखन क्षमता भिन्नता ल्याउँदोरहेछ भन्ने नयाँ कुरा यस अध्ययनले प्रमाणित गरेको छ ।

# परिच्छेद - सात

## ७.१ निष्कर्ष

कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमतासम्बन्धी यस अध्ययन बाट निम्न निष्कर्षहरू निकाल्न सकिन्छ :

७.१.१ अध्ययनमा समावेश सम्पूर्ण समूहका विद्यार्थीहरूको चिठीलेखन क्षमताको प्रतिशत गणना गर्दा ६७ प्रतिशत विद्यार्थीहरूले ५० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता मापन गराउन सफल देखिनुले कक्षा सात पूरा गरेका विद्यार्थीहरूमा चिठीलेखन क्षमता सक्षम रहेको देखिन्छ ।

७.१.२ सरकारी विद्यालय समूहका विद्यार्थीहरूको चिठी लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ६५ प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८ प्रतिशत र ६५ प्रतिशतभन्दा तलको सङ्ख्या ७२ प्रतिशत देखिनुले विद्यार्थीहरूको चिठीलेखन क्षमता सन्तोषजनक देखिँदैन ।

७.१.३ निजी विद्यालय समूहका विद्यार्थीहरूको चिठीलेखन क्षमताको प्रतिशताङक स्थिति गणना गर्दा ६५ प्रतिशतभन्दा माथि ४८ प्रतिशत र तल ५२ प्रतिशत तर ३५ प्रतिशतभन्दा तल अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या शून्य देखिनुले निजी विद्यालय समूहका विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च देखिन्छ ।

७.१.४ नेपाली मातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमतालाई लिएर प्रतिशत गणना गर्दा ५० प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ७४ प्रतिशत र ५० प्रतिशतभन्दा तल २६ प्रतिशत देखिएकाले नेपाली मातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च रहेको पाइन्छ ।

७.१.५ नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमतालाई प्रतिशतमा गणना गर्दा ५० प्रतिशतभन्दा माथि अङ्क ल्याउन सफल विद्यार्थीहरूको सङ्ख्या ५८ रहेकोले सन्तोषजनक देखिन्छ ।

७.१.६ समग्र विद्याथीहरूमा छात्र र छात्रा दुवै समूहका विद्यार्थीहरूको चिठीलेखन षमता झण्डै समान भएकाले सन्तोषजनक पाइएको छ । ५० प्रतिशतभन्दा

माथि चिठीलेखन क्षमता मापन गराउन सफल छात्राहरूको सङ्ख्या ६४ प्रतिशत र छात्रहरूको सङ्ख्या ७० प्रतिशत देखिनुले यसलाई पुष्टि गर्दछ । तर ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउन सफल विद्यार्थीहरूमध्ये २ प्रतिशतले छात्राहरूको बढी देखिनुले छात्रहरूभन्दा छात्राहरूको चिठीलेखन क्षमता केही उच्च रहेको देखिन्छ ।

७.१.७ ५० प्रतिशतभन्दा माथि अङ्क ल्याउने सरकारी विद्यालयका छात्राहरूको सङ्ख्याभन्दा निजी विद्यालय समूहका छात्राहरूको सङ्ख्या १२ प्रतिशतले बढी रहनुले सरकारी विद्यालयमा अध्ययनरत छात्राहरूभन्दा निजी विद्यालयमा अध्ययनरत छात्राहरूको चिठीलेखन क्षमताको स्तर उच्च रहेको मान्न सकिन्छ ।

७.१.८ छात्र समूहको चिठीलेखन क्षमतालाई लिएर प्रतिशतमा गणना गर्दा ५० प्रतिशतभन्दा माथि ७० प्रतिशत अर्थात् बहुसङ्ख्यक विद्यार्थीहरू देखिनुले चिठीलेखन क्षमतामा छात्र समूहका विद्यार्थीहरूको स्तर उच्च पाइन्छ ।

७.१.९ सरकारी विद्यालयमा अध्ययनरत छात्रहरूको मात्र प्रतिशत गणना गर्दा ५० प्रतिशतभन्दा माथि २८ प्रतिशत र ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत देखिनुले सरकारी विद्यालयमा अध्ययनरत छात्रहरूको चिठीलेखन क्षमता असन्तुलित छ भन्न सकिन्छ ।

७.१.१० निजी विद्यालयमा अध्ययनरत छात्रहरूको मात्र प्रतिशत गणना गर्दा चिठीलेखन क्षमतामा सक्षम रहेका छात्रहरू बढी रहेको पाइन्छ । ५० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ४२ प्रतिशत र ३५ प्रतिशतभन्दा कम क्षमता भएका छात्रहरूको सङ्ख्या शून्य प्रतिशत देखिनुले यस कुरालाई प्रमाणित गर्दछ ।

७.१.११ सरकारी र निजी विद्यालयअन्तर्गत दुई समूहका छात्रहरूको क्षमतालाई तुलनात्मक रूपमा प्रतिशतमा गणना गर्दा ५० प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल छात्रहरूको सङ्ख्या सरकारी विद्यालय समूहका तुलनामा निजी विद्यालय समूहभित्र पर्ने विद्यार्थीहरू १४ प्रतिशतले बढी रहनुले सरकारी विद्यालयमा अध्ययनरत छात्रभन्दा निजी विद्यालयमा अध्ययनरत छात्रहरूको चिठीलेखन क्षमताको स्तर उच्च रहेको मान्न सकिन्छ ।

७.१.१२ निवेदनलेखनमा संलग्न विद्यार्थीहरूको क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ७७ प्रतिशत विद्यार्थीहरूले ५० प्रतिशतभन्दा माथि निवेदन लेखन क्षमता मापन गराउन सफल देखिनुले कक्षा सात पूरा गरेका विद्यार्थीहरूमा निवेदन लेखन क्षमता उच्च रहेको देखिन्छ

७.१.१३ निजी विद्यालय समूहका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको प्रतिशत गणना गर्दा ९० प्रतिशत विद्यार्थीहरू ५० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६४ प्रतिशत देखिनुले सरकारी विद्यालयका समग्र विद्यार्थीहरूका निवेदनलेखन क्षमता सन्तोषजनक देखिन्छ ।

७.१.१४ निजी विद्यालय समूहका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको प्रतिशत गणना गर्दा ९० प्रतिशत विद्यार्थीहरू ५० प्रतिशतभन्दा माथि र २४ प्रतिशत विद्यार्थीहरू विशिष्ट श्रेणी (८० प्रतिशतभन्दा माथि) मा देखिएको हुँदा निजी विद्यालय समूहका विद्यार्थीहरू निवेदनलेखनमा उच्च रहेका देखिन्छन् ।

७.१.१५ नेपाली मातृभाषी विदार्थीहरूको निवेदनलेखन क्षमतालाई लिएर प्रतिशतमा गणना गर्दा उच्च रहेको पाउन सकिन्छ । तथ्याङ्कअनुसार ५० प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ८२ प्रतिशत रहेको छ ।

७.१.१६ नेपाली विमातृभाषी विद्यार्थीहरूको निवेदनलेखन क्षमताको प्रतिशत गणनालाई हेर्दा ५० प्रतिशतभन्दा माथि ७२ प्रतिशत विद्यार्थीहरू निवेदनलेखन क्षमतामा सक्षम देखिनुले नेपाली विमातृभाषी विद्यार्थीहरूको निवेदनलेखनलाई उच्च नै मान्नुपर्दछ ।

७.१.१७ ५० प्रतिशतभन्दा माथि क्षमता मापन गराउन ७६ प्रतिशत छात्राहरू सफल भएको देखिनुले समग्र छात्रा विद्यार्थीहरूको निवेदनलेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।

७.१.१८ निजी विद्यालयमा अध्ययनरत छात्राहरूको निवेदनलेखन क्षमतालाई प्रतिशतमा हेर्दा ५० प्रतिशतभन्दा माथि ४४ प्रतिशत छात्राहरूले निवेदनलेखन क्षमता

मापन गराउन सफल भएकाले निजी विद्यालयमा अध्ययनरत छात्राहरूको निवेदनलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

७.१.१९ सरकारी विद्यालयमा अध्ययनरत छात्राहरूमध्ये ३२ प्रतिशतले मात्र ५० प्रतिशतभन्दा माथि अङ्क मापन गराउन सफल देखिनुले सरकारी विद्यालयका छात्राहरूको निवेदनलेखन क्षमता त्यति सन्तोषजनक देखिँदैन ।

७.१.२० सरकारी विद्यालयमा अध्ययनरत छात्राहरूको निवेदनलेखन क्षमता ५० प्रतिशतभन्दा माथि मापन गराउन सफल सङ्ख्या ३२ प्रतिशत र निजी विद्यालयका छात्राहरूको सङ्ख्या ४४ प्रतिशत अर्थात् १२ प्रतिशतले बढी देखिनुले सरकारी विद्यालयको छात्राहरूको निवेदनलेखन क्षमताभन्दा निजी विद्यालयमा अध्ययनरत छात्राहरूको निवेदनलेखन क्षमता उच्च रहेको देखिन्छ ।

७.१.२१ समग्र विद्यार्थीहरूमध्ये समूहको निवेदनलेखन क्षमतालाई लिएर प्रतिशताङ्क गणना गर्दा ५० प्रतिशतभन्दा माथि बहुसङ्ख्यक अर्थात् ७६ प्रतिशत विद्यार्थीहरू देखिनुले निवेदनलेखन क्षमतामा छात्र समूहका विद्यार्थीहरूको स्तर उच्च रहेको पाइन्छ ।

७.१.२२ सरकारी विद्यालय र निजी विद्यालयअन्तर्गत दुई समूहका छात्रहरूको क्षमतालाई तुलनात्मक रूपमा प्रतिशत तुलना गर्दा ५० प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल छात्रहरूको सङ्ख्या सरकारी विद्यालयको तुलनामा निजी विद्यालय समूहभित्र पर्ने विद्यार्थीहरू १४ प्रतिशतले बढी रहनुले सरकारी विद्यालयमा अध्ययनरत छात्रहरूभन्दा निजी विद्यालयमा अध्ययनरत छात्रहरूको निवेदनलेखन क्षमताको स्तर उच्च रहेको मान्न सकिन्छ ।

७.१.२३ सरकारी विद्यालयमा अध्ययनरत छात्रहरूको मात्र प्रतिशताङ्क गणना गर्दा निवेदनलेखन क्षमतामा सन्तोषजनक छात्रहरू बढी रहेको पाइन्छ । ५० प्रतिशतभन्दा माथि निवेदनलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ३२ प्रतिशत रहेको तर ३५ प्रतिशतभन्दा कम क्षमता भएका छात्रहरूको सङ्ख्या १८ प्रतिशत देखिनुले यस कुरालाई प्रमाणित गर्दछ ।

७.१.२४ निजी विद्यालयमा अध्ययनरत छात्रहरूको मात्र प्रतिशताङ्क गणना गर्दा ५० प्रतिशतभन्दा माथि ४६ प्रतिशत र ३५ प्रतिशतभन्दमा तल निवेदनलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या शून्य रहनुले निजी विद्यालयमा अध्ययनरत छात्रहरूको निवेदनलेखन क्षमताको स्थिति उच्च देखिन्छ ।

७.१.२५ नेपाली मातृभापी र विमातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदनलेखनको मध्यमान, मानक विचलन र गुणात्मक विचलनका आधारमा तुलनात्मक अध्ययन गर्दा विमातृभाषी विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन स्थिर र सन्तोषजनक देखिन्छ ।

७.१.२६ छात्र तथा छात्राहरूको मध्यमान, मानक विचलन र गुणात्मक विचलनको आधारमा चिठीलेखनको तुलनात्मक अध्ययनमा छात्राहरूको चिठीलेखनमा र छात्रहरूको निवेदनलेखनमा स्थिरता र सन्तोषप्रद देखिन्छ ।

## ७.२ सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू दिइन्छ–

१. चिठी तथा निवेदनलेखन क्षमता लेखाइ सीप विकासका लागि महत्वपूर्ण कार्यकलाप भएको हुँदा कक्षा शिक्षणमा चिठी–निवेदनलेखनसम्बन्धी क्रियाकलापलाई अझ बढी प्राथमिकता दिइनुपर्दछ ।

२. पाठ्यपुस्तक अझ खास गरी भाषापाठ्यपुस्तकहरूमा समावेश गरिने लेखनसीप अभिवृद्धिसम्बन्धी पर्याप्तता, उपयुक्तता र उपयोगिताको अध्ययन अनुसन्धान गरेर मात्र पाठ्यपुस्तक निर्माणका लागि पाठ्यवस्तु छनौट गरिनुपर्दछ ।

३. विद्यालय तहमा नेपाली भाषापाठ्यक्रम निर्माण गर्दा चिठी-निवेदनलेखन शिक्षणमा पनि जोड दिनुपर्दछ ।

४. भाषापाठ्यपुस्तकमा भाषाका चारै सीपहरूको समूचित विकास गर्दै लैजान पाठ्यवस्तुको चयन गर्दा क्षेत्र, लिङ्ग, स्थानीयता, भाषिक पृष्ठभूमि, उमेर समूहजस्ता  पक्षहरूलाई ध्यानमा राखी पाठ्यवस्तुको छनोट र स्तरण गर्ने प्रयास हुनुपर्दछ ।

५. पाठ्यक्रम विकास केन्द्रले स्तरअनुकुल विभिन्न प्रकारका चिठी तथा निवेदनहरू समावेश गरी चिठी-निवेदनलेखनसम्बन्धी आधिकारिक पुस्तकको संयोजन गरिनुपर्दछ ।

६. पाठ्यपुस्तकमा चिठी-निवेदनलेखनसम्बन्धी दिएको अभ्यासमा मात्र क्रियाकलाप गराउने परिपाटीलाई निरुत्साहित गरी समसामयिक अन्य शीर्षकहरूमा पनि चिठी तथा निवेदन लेख्न विद्यार्थीहरूलाई प्रेरित गर्नुपर्दछ ।

७. अध्ययन-अध्यापनका लागि समावेश गरिएका चिठी-निवेदनहरूको विद्यार्थीहरूलाई महत्वपूर्ण कुराहरू टिपोट गर्न लगाइ चिठी तथा निवेदनलेखनको सामान्य ढाँचा, विषयवस्तुको आदि, मध्य र अन्त्यको ढाँचा, शैली शिल्पको चिठी तथा निवेदनको ढाँचामा लेख्न अभ्यास गराउनुपर्दछ ।

८. जुनसुकै विषयशिक्षक वा तालिम अप्राप्त शिक्षकद्वारा नेपाली विषय पढाउने परिपाटी अन्त्य गरी तालिम प्राप्त विषयशिक्षकद्वारा पढाउने पर्ने नियमलाई अझै कडाइका साथ लागू गरिनुपर्दछ ।

९. निम्न माध्यमिक तह नेपाली भाषा विषयको प्रश्नपत्रमा चिठी र निवेदन दुवैको लेखनसम्बन्धी प्रश्नलाई अनिवार्य गरिनुपर्दछ ।

१०. यस अध्ययनमा सरकारी विद्यालय समूहका विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमता निजीका तुलनामा निकै कमजोर देखिन्छ । यस नतिजाका पछाडि भएका कमजोरीहरूलाई सुधार गर्दै लैजानु उचित देखिन्छ ।

११. निजी विद्यालयहरूमा अंग्रेजी भाषालाई झैँ नेपाली भाषाको शिक्षणमा पनि यसरी नै प्राथमिकता दिने परिपाटीलाई निरन्तरता दिइनुपर्दछ ।

१२. परम्परागत शिक्षा प्रणालीझैँ सीमित विषय घोक्न लगाई घोकेकै विषयवस्तुमा सीमित गराउने शिक्षण पद्धतिलाई निजी विद्यालयहरूले तत्काल परिमार्जन गर्नुपर्दछ ।

१३. सरकारी विद्यालयहरूमा लेखन क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरूमा लेख्ने बानीको विकास गर्दै लैजानुपर्दछ ।

१४. विद्यालयहरूमा चिठी-निवेदन शिक्षण गर्दा सोसँग सम्बन्धित पाठ्यवस्तु विद्यार्थीलाई नै पढ्न जिम्मा दिने वा 'यसबारे तिमीहरूलाई थाहा छँदैछ' भनेर चिठी - निवेदन शिक्षणका कार्यकलाप नगराउने नेपाली विषय-शिक्षकहरू सचेत रहनुपर्दछ ।

१५. चिठी-निवेदन लेखन क्षमता विकासका लागि पाठ्यपुस्तकका अलावा विभिन्न पत्र-पत्रिका, लेख रचना, अन्य क्षेत्र तथा सम्बन्धित तह वा कक्षाका अन्य पाठ्यपुस्तकमा समावेश भएका सम्बन्धित सामग्रीहरूलाई पनि उपयोगमा ल्याउन सक्नुपर्दछ ।

१६. चिठी-निवेदनलेखनलाई गृहकार्यका रूपमा मात्र नदिई कक्षा कार्यकलापमा जोड दिइनुपर्दछ । यसरी चिठी-निवेदनलेखन शिक्षणलाई अगाडि बढाएमा विद्यार्थीहरूको चिठी-निवेदनलेखन क्षमतामा अझै सुधार ल्याउन सकिन्छ ।

१७. विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा चिठी तथा निवेदनलेखन प्रतियोगिता आयोजना गरेर पनि चिठी-निवेदनलेखन क्षमतामा विकास गर्दै लैजान सकिन्छ ।

१८. ऐतिहासिक, पुरातात्विक, पर्यटकीय स्थलहरूमा शैक्षिक भ्रमण गराई विद्यार्थीहरूलाई सोही ठाउँको महत्वको बारेमा उनीहरूका साथी वा आफन्तहरूलाई जानकारी दिन चिठी लेख्न लगाई चिठीलेखन क्षमता बढाउन सकिन्छ ।

१९. विभिन्न संघसंस्थाहरूसँग विद्यालयहरूले समन्वय, गर्दै संघसंस्थाहरूलाई चिठी तथा निवेदनलेखनको प्रतियोगिता आयोजना गर्न लगाई विद्यार्थीहरूलाई सहभागी गराई चिठी-निवेदन लेख्न प्रेरित गर्दै चिठी-निवेदनलेखन क्षमता विकास गर्न सकिन्छ ।

२०. छात्राहरूको चिठीलेखन क्षमता केही कमजोर पाइएको हुँदा छात्राहरूलाई चिठी-निवेदन लेख्न प्रेरित गर्दै उनीहरूका कमजोरी पत्ता लगाई निराकरणका लागि विषय शिक्षक र विद्यालयले संयुक्त रूपमा स्तर उन्नतिका लागि प्रयास गर्न सक्नु पर्दछ ।

२१. सरकारी विद्यालयमा एउटा मात्र भाषा पाठ्यपुस्तकबाट अध्ययन अध्यापन गरिने हुँदा आवश्यकताअनुसार अरू पनि सान्दर्भिक पुस्तक थप गरी अध्ययन-अध्यापन गराउँदा विद्यार्थीहरूको चिठी-निवेदनलेखनको प्रभावकारिता बढाउन सकिन्छ भन्ने अध्येताको ठहर छ ।

## ७.३ शैक्षिक प्रयोजन

चिठी-निवेदनलेखन पनि लेखनकलाको महत्वपूर्ण कार्यकलाप हो । लेखनकला लेखाइ सीपसँग सम्बन्धित छ । यसर्थ चिठी-निवेदन लेखन क्षमताले भाषिक सीपसँग सोझो सम्बन्ध राख्दछ ।

भाषिक सीपहरू एक आपसमा सम्बन्धित हुन्छन् । यसरी एक आपसमा अन्तरसम्बन्धित भाषिक सीपहरूलाई अलग्याएर शिक्षण गर्न सकिँदैन । कुनै पनि कुराको बोध सुनाइ र पढाइबाट हुन्छ भने अभिव्यक्ति बोलाइ र लेखाइबाट हुन्छ । यसरी ज्ञानको आदान (सुनाइ र पढाइ), प्रदान (बोलाइ र लेखाइ) भाषिक सीपहरूबाट भइरहेको हुन्छ । अतः अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनको निम्न लिखित शैक्षिक प्रयोजन भएको अनुभव गरेका छन्–

१. यस अध्ययनबाट विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।

२. अध्ययनले सम्बन्धित व्यक्ति तथा निकायलाई भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यवस्तुहरू अभ्यासहरू सिर्जनात्मक रचना विधासँग सम्बन्धित अभ्यासहरू तथा भाषिक सीप विकासका अन्य पक्षहरूमा क्षेत्र, लिङ्ग, स्थानीयता, भाषिक पृष्ठभूमि, उमेर आदि कुराको ख्याल गर्नुपर्दछ भनी आवश्यकता बोध गराउनेछ ।

३. भाषा पाठ्यक्रममा समावेश गरिने चारै भाषिक सीपका उद्देश्य पूरा हुने गरी विधागत छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न प्रस्तुत अध्ययन सहयोगसिद्ध हुनेछ ।

४. यस अध्ययनबाट भाषिक सीपका दृष्टिले पाठ्यपुस्तकको कठिनाइस्तर र पठनीयताको अनुमान गर्न सहयोग पुग्नेछ ।

५. विद्यालय तहको पाठ्यक्रममा समावेश गरिने चिठी-निवेदन विधाको शिक्षण प्रक्रिया तथा निर्धारण गरिएका सिकाइ उपलब्धिहरूका आधारमा चिठी तथा निवेदन शिक्षण गर्न प्रस्तुत अध्ययनले मार्गदर्शन गर्नेछ ।

६. चिठी तथा निवेदनलेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धान अध्ययनका लागि पनि यो अध्ययन आधार बन्नेछ ।

७. यस अध्ययनले पाठ्यपुस्तक निर्माण पूर्व र पाठ्यपुस्तक तयार भइसकेपछि पनि भाषिक सीपका अतिरिक्त लेखाइ शिक्षणका बारेमा निरन्तर अध्ययन गर्न प्रोत्साहित गर्नेछ ।

८. यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा मद्दत पुऱ्याउनेछ ।

९. विद्यालय तहका जुनसुकै पाठ्यपुस्तक लेखन तथा सम्पादनमा विद्यार्थीहरूको चाहना, क्षमता आदि कुरामा विचार गर्दै सिर्जनात्मक अभ्यासहरू प्रशस्त समावेश गरी पाठ्यपुस्तकलाई प्रकाशनमा ल्याउनुपर्दछ भन्ने कुरामा यस अध्ययनले सहयोग पुऱ्याउनेछ ।

१०. भाषा शिक्षण विधिमा थप अनुसन्धान गर्ने आधार यस अध्ययनले दिनेछ ।

११. विषयशिक्षकले विद्यालयतहमा नेपाली भाषा शिक्षण गर्दा अपनाउनु पर्ने भाषिक सचेतताका बारेमा यस अध्ययनले प्रस्ट पारेको छ ।

१२. विगत र वर्तमानका अनुसन्धानहरूको जानकारी दिँदै लेखन क्षमतासम्बन्धी अनुसन्धानको उपदेयता प्रस्तुत अध्ययनले प्रस्ट पारिदिनेछ ।

१३. विद्यालय तहमा चिठी तथा निवेदनलेखन शिक्षणको महत्वका बारेमा प्रस्तुत अध्ययनमा स्पष्ट गरिएको छ ।

१४. विद्यार्थीहरूको चिठी तथा निवेदनलेखन क्षमता जस्तै भाषिक सीपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न प्रस्तुत अध्ययनले भावी अध्येताहरूलाई प्रेरित गर्ने देखिन्छ ।

## ७.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास र कक्षाशिक्षणमा तिनको उपयोग : एक अध्ययन

२. समावेशात्मक दृष्टिकोणले कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण

३. कक्षा आठमा अभ्ययनरत निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

४. नेपाली विषयशिक्षकले चिठी तथा निवेदनलेखन शिक्षणका क्रममा उपयोगमा ल्याएका शैक्षिक सामग्रीहरूको अध्ययन

५. कक्षा चारमा अध्ययनरत निजी तथा सरकारी विद्यालयका बालबालिकाहरूको अनुलेखन क्षमताको तुलनात्मक अध्ययन

६. कक्षा सात पूरा गरेका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन